# आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम

प्रतापपुर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

प्रतापपुर, नवलपरासी (ब.सु.प.)

लुम्बिनी, नेपाल

# आ.ब. २०८१-८२ को नीति तथा कार्यक्रम

आदरणीय गाउँपालिका उपाध्यक्ष ज्यू, कार्यपालिका तथा गाउँ सभाका सदस्यहरू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, समाजसेवी, सञ्चार कर्मी, राष्ट्रसेवक कर्मचारी लगायत उपस्थित सम्पूर्ण महानुभावहरू

**आदरणीय महानुभावहरू ,**

नेपालको इतिहासमा योजना बद्ध विकासको इतिहास विक्रम सम्बत २०१३ सालबाट प्रथम पन्च वर्षीय योजनाको सुरुवात सँगै भएको हो तथा हाल १६ औं पन्चवर्षीय योजना कार्यान्वयनमा रहेको छ ।नेपालको इतिहास कै प्रथम बजेट विक्रम सम्वत २००८ साल माघ २१ गते तत्कालीन अर्थ मन्त्री सुवर्ण शम्सेर राणाको कार्यकालमा रु ५ करोड २५ लाख बराबरको आय व्यय विवरण सहितको विनियोजन प्रस्ताव जारी गरिएको स्मरण गर्दछु । बजेटरी ईतिहांसको लामो काल खण्डमा नेपालको संविधान २०७२ लागु भए पश्चात् स्थानीय सरकार सञ्चालन ऐन २०७४ को कार्यान्वयन सँगै प्रत्येक आर्थिक वर्षको असार १० गते भित्र अनिवार्य रूपमा स्थानीय तहको आय र व्ययको विवरण सहितको बजेट सभा समक्ष पेस गर्नु पर्ने कानुनी बाध्यता र अवसर दुवै प्राप्त भएको छ । गाउँपालिकाको विकास निर्माणको लागी आवश्यक पर्ने वित्तीय श्रोतको सीमितताको बाबजुद योजना तथा आयोजनाहरूमा पर्याप्त रकम विनियोजन हुन सक्ने सम्भावना सीमित भएको वर्तमान परिपेक्षमा सोही मुताबिक आज मिति २०८१ साल असार महिनाको ५ गते यस प्रतापपुर गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ को वार्षिक विनियोजनको मार्ग प्रशस्त पार्नको लागी नीति तथा कार्यक्रम एवं आर्थिक वर्ष २०८१।८२ का प्राथमिकताहरू यस १६ औं गरिमामय सभा समक्ष पेस गरेको छु ।

## आदरणीय सभाका सदस्य ज्यूहरु

नेपालको सविंधान २०७२ ले ३ तहको सरकारको परिकल्पना गरेको छ। सविंधानको भाग १७ तथा स्थानिय सरकार सचांलन ऐन २०७४ को परिच्छेद २ बमोजिम यस गाउँपालिकाको गठन गरिएको छ । नेपालको संविधान २०७२ को व्यवस्था अनुसार अनुसुची ८ मा स्थानिय तहको एकल अधिकार सुची तथा अनुसुची ९ मा स्थानिय तह, प्रदेश र संघको अधिकारको साझा सुची उल्लेख गरिएको छ ।

अनुसुची ८ स्थानिय तहको एकल अधिकार सुची

| क्र.सं. | बिषयहरु |
|---|---|
| १ | नगर प्रहरी |
| २ | सहकारी संस्था |
| ३ | एफ.एम. सञ्चालन |
| ४ | स्थानीय कर – सम्पती कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, वुयवसाय कर, भुमी कर-मालपोत _, दण्ड जरिवाना, मनोरञ्जना कर, मालपोत संकलन |
| ५ | स्थानीय सेवाको व्यवस्थापन |
| ६ | स्थानीय तथ्याङ्क र अभिलेख संकलन |

| | |
|---|---|
| ७ | स्थानीय स्तरका विकास आयोजना तथा परियोजना |
| ८ | आधारभुत र माध्यामिक शिक्षा |
| ९ | आधाभुत स्वास्थ्य र सरसफाई |
| १० | स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता |
| ११ | स्थानीय सडक, ग्रामिण सडक, कृषी सडक, सिंचाई |
| १२ | गाँउ सभा, नगर सभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन |
| १३ | स्थानीय अभिलेख व्यवस्थापन |
| १४ | घर जग्गा धनी पुर्जा वितरण |
| १५ | कृषी तथा पशुपालन, कृषी उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य सहकारी |

गाउँपालिकाको काम र कर्तव्य तथा अधिकारहरू संविधान तथा ऐनमा भएको व्यवस्था मुताबिक अगाडी बढाइएको छ। यस गाउँपालिकाको भौगोलिक दीर्घकालीन सोच लक्ष्य उद्देश्य एवम् कार्यहरू तल उल्लेख गरिएको छ।

## दीर्घकालीन सोच लक्ष्य उद्देश्य

१. दीर्घकालीन सोच (Vision);

पर्यावरण संरक्षण गरी कृषि, पर्यटन र शिक्षा तथा सामाजिक विकास एवं मानव वीकास तथा भौतीक पुर्वाधार विकासमामा लगानी उच्च जीवनस्तर सहितको समृद्ध गाउँपालिका निर्माण गर्नु यसको दीर्घकालीन सोच हुनेछ।

२. उद्देश्यहरु (Goals)

## गाउँपालिकाका उद्देश्यहरु (Goals)

संविधान तथा ऐन एवं नियमावलीको व्यवस्था बमोजिम गाउँपालिकाको काम तथा कर्तव्यलाई देहाय अनुसार उद्धेश्यहरुको रुपमा उल्लेख गर्न सकिन्छ।

- संविधान तथा ऐन एवं नियमावलीको व्यवस्था बमोजिम गाउँपालिकाको काम तथा कर्तव्यलाई देहाय अनुसार उद्धेश्यहरुको रूपमा उल्लेख गर्न सकिन्छ।
- नेपालको संविधान २०७२ को अनुसूची ८ का एकल अधिकारको सुची तथा अनुसूची ९ बमोजिमको संयुक्त अधिकारको सुची बमोजिमका कार्यसम्पादन गर्ने।
- विकेन्द्रीकरणको माध्यम द्वारा सार्वभौमसत्ता सम्पन्न जनतालाई शासन प्रक्रियामा अधिकाधिक मात्रामा सम्मिलित हुने अवसर जुटाई लोकतन्त्रका लाभहरूको उपभोग गर्न सक्ने व्यवस्था गर्ने।
- आफ्नो क्षेत्रको विकासको लागि साधनको परिचालन, विनियोजन र विकासको प्रतिफलको सन्तुलित तथा समान वितरणमा सामाजिक समानता ल्याउने कार्यमा जनजाति, आदिवासी, दलित र सामाजिक तथा आर्थिक दृष्टिकोणले पिछडिएका वर्ग समेतका समग्र जनताको सहभागितामा अभिवृद्धि गर्दै विकास प्रक्रियालाई संस्थागत गर्ने।

- योजनाहरूको तर्जुमा र सञ्चालन गर्न आवश्यक जिम्मेवारी र अधिकार स्थानीय स्तरमा नै प्रदान गरी जवाफदेही बहन गर्न सक्ने स्थानीय निकायहरूको संस्थागत विकास गर्ने ।

- स्थानीय नेतृत्वको विकास गरी जनताको दैनिक आवश्यकता तथा जनजीवनलाई असर पार्ने विषयहरूमा निर्णय गर्न सक्ने गरी विश्वव्यापीकरणले ल्याएका अवसरहरूलाई स्थानीय करण गर्न सक्षम बनाउने ।

- नेपालको संविधान बमोजिम स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न तथा सङ्घ, प्रदेश र स्थानीय तह बिचको सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्ने ।

- जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्ने।

- लोकतन्त्रका लाभहरूको समानुपातिक समावेशी र न्यायोचित वितरण गरी कानुनी राज्य र दिगो विकासका अवधारणा अनुरूप समाजवाद उन्मुख सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तह देखी नै सुदृढीकरण गर्न आवश्यक कार्य गर्ने

- स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय तहमा स्थानीय शासन पद्धतिलाई सुदृढीकरण गर्दै बिधायकी, कार्यकारिणी तथा न्यायिक अभ्यासलाई संस्थागत तुल्याउने कार्य गर्ने ।

१. **"हामी सबैको सार्थक प्रयास, प्रतापपुरको समग्र विकास"** भन्ने मुख्य सोचका साथ सम्पन्न हुन गइरहेको प्रतापपुर गाउँपालिकाको १६ औं गाउँसभाको अवसरमा देश र जनताको लागि मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि विभिन्न समयमा भएका आन्दोलन, लोकतन्त्रको स्थापना तथा आमूल परिवर्तनका निम्ति नेपाली जनताले पटक पटक गर्दै आएका क्रान्ति, जनयुद्ध, जनआन्दोलन, मधेस आन्दोलन लगायत सबै प्रकारका आन्दोलनका त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै देश र जनताका निम्ति जीवन उत्सर्ग गर्ने अमर सहिदहरू प्रति उच्च श्रद्धाका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।त्यस्तै गरी विभिन्न आन्दोलनका दौरानमा बेपत्ता तथा घाइते हुनुभएका वीर योद्धाहरू र उहाँहरूका पीडित परिवारहरू प्रति हार्दिक सम्मान व्यक्त गर्दछु । मुलुकको आर्थिक संवृद्धि र स्थानीय स्तरमा लोकतन्त्रको अभ्यास गर्ने अवसर हामीले उपयोग गर्दै आई रहेको यस सन्दर्भमा हामीलाई सहयोग गर्नुहुने सम्पूर्ण जनप्रतिनिधिहरू र राजनीतिक दलहरू, सुरक्षाकर्मी, कर्मचारीहरू, सङ्घीय सरकार, प्रदेश सरकार तथा प्रत्यक्ष अप्रत्यक्ष गाउँपालिकालाई सहयोग पुर्‍याउनुहुने सबैमा धन्यवाद ज्ञापन गर्दछु।

**सभाका सदस्य ज्यूहरू**

१. प्रतापपुर गाउँपालिकाको स्थापना २०७३।१२।०१ मा स्थापना भए पछि मेरो नेतृत्वको दोस्रो स्थानीय सरकारको तेस्रो नीति तथा कार्यक्रमको रूपमा यस गाउँ सभामा आ. व. २०८१/०८२ को नीति तथा कार्यक्रमको प्रस्तुत गर्न पाउँदा म गौरवान्वित भएको छु। हाम्रो अहिलेको स्थानीय सरकारले २९ कि.मि. को प्रतापपुर चक्रपथ, ९ वटै वडामा कृषि विधुतीकरण,

**कृषि माटो प्रयोगशाला** स्थापना, शैक्षिक गुणस्तरमा व्यापक सुधार तथा गाउँपालिका अध्यक्ष शैक्षिक सुधार कार्यक्रम अन्तर्गत शिक्षक नियुक्ति, स्वास्थ्यको गुणस्तर सुधार र भौतिक संरचना निर्माण, आवास निर्माण, प्राविधिक शिक्षालयको स्थापना, प्रस्तावित सेमरी क्याम्पसको भवन निर्माणको लागी DPR निर्माण,प्रतापपुरको प्रशासकीय भवन निर्माण, वडा कार्यालय भवन निर्माण, चिस्यान केन्द्र निर्माण जस्ता कार्यक्रमहरु निरन्तर रहेका छन् तथा योजनाबद्ध विकासको लागी आवधिक योजना अद्यावधिक तथा निर्माण, ,सडक गुरुयोजना, राजश्व सुधार कार्य योजना, पार्श्वचित्र निर्माण तथा आन्तरिक नियन्त्रण प्रणाली एवं बेरुजु फछ्यौंट कार्य योजना निर्माण जस्ता कार्यहरू चालु आर्थिक वर्ष भित्र सम्पन्न गरिएको तथा स्थानीय सेवा प्रवाहलाई चुस्त, दुरुस्त पारी सुशासनमा जोड लगायतका विषयलाई प्राथमिकतामा राखी हामी अगाडी बढी रहेका छौँ।

२. यही अवसरमा हामीले जनता समक्ष गरेको वाचाहरू, नेपालका संविधानले निर्दिष्ट गरेका नागरिकहरूका मौलिक हकको संरक्षण, स्थानीय सरकार सञ्चालन ऐनले तोकेका स्थानीय तहका अधिकारहरु र आम नागरिकहरूले गरेका अपेक्षाहरू सके सम्म पुरा गर्ने गरी स्थानीय सरकारले अवलम्बन गर्ने नीति र कार्यक्रम लाई नागरिकको चाहना पुरा गर्ने गरी निर्माण गरिएको आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रमको बारेमा संक्षिप्त जानकारी गराउन चाहन्छु।नेपालको संविधान, २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ र प्रतापपुर गाउँपालिकाको गाउँ सभा तथा बैठक सञ्चालन कार्यविधि, २०७९ बमोजिम प्रतापपुर गाउँपालिकाको आ.ब.२०८१/०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।

## क. आर्थिक विकास :

कृषि तथा पशुपक्षी

४. आधुनिक कृषि प्रणाली मार्फत व्यवसायीकरण गर्न अर्गानिक खेती प्रणालीमा जोड दिने उद्देश्यले"**कृषि प्रयोगशाला निर्माण**" गरी कार्यान्वयनमा ल्याइनेछ साथै कृषि तथा पशुजन्य उपजको सङ्कलन र बिक्रीका लागि कृषि बजार केन्द्रहरू र चिस्यान केन्द्र निर्माण गरिनेछ।

५. गाउँपालिकालाई केरा र उखु पकेट क्षेत्रको रूपमा विकास गर्न पहल गरिने छ र कृषकहरूका लागि केरा र उखुको उद्योग स्थापना गर्न सम्भाव्यता अध्ययन गरिने छ। साथै उखु कृषकको लगानी कम गर्न उखु हार्भेसटिङ्ग मेशिन खरिद गर्ने प्रक्रिया अगाडी बढेको छ र किसानको उत्पादन सहुलियत दरमा ढुवानी गर्न कृषि ट्र्याक्टर खरिद प्रक्रिया अगाडी बढाइएको छ।केरा उत्पादनलाई कृषि सहकारीसँग समन्वय गरी बजार सम्म पुऱ्याउने व्यवस्था गरिनेछ।

६. **"किसानको उन्नति, प्रतापपुर वासीको प्रगति"** भन्ने मूल नाराका साथ कृषि क्षेत्रको व्यवसायीकरणका माध्यमबाट कृषि उपजहरूको उत्पादन र उत्पादकत्व वृद्धि गरी खाद्य तथा पोषण सुरक्षा, आत्मनिर्भरता सुनिश्चित गर्न **"कृषक परिचयपत्र (कृषक कार्ड)"** निरन्तरता दिइएने छ। कृषकको लगानी कम गर्न कृषि विद्युतीकरण, सिचाई र अनुदानलाई प्राथमिकता दिई स्थानीय उत्पादन तथा उत्पादकत्व वृद्धिमा जोड दिइने छ।कृषि तथा व्यावसायिक पशुपालनलाई प्रोत्साहन प्रदान गर्ने व्यवस्था गरिने छ। बिपन्न परिवारका मानिसहरूले व्यावसायिक पशुपालन गर्न चाहेको अवस्थामा

उमेश चन्द्र यादव
अध्यक्ष

अनुदानमा गोठ सुधार तथा निःशुल्क प्राविधिक सेवा प्रदान गरिने छ। **गाउँ गाउँमा करेसाबारी, घर घरमा रोजगारीको** नारालाई सार्थकता प्रदान गर्ने कार्य थालनी गरिने छ। साथै भू-उपयोग नीतिलाई कार्यान्वयन गर्दै लगिने छ र सुकुम्वांसी तथा अव्यवस्थित जग्गाको लगत लिई कृषि योग्य भूमिलाई व्यवस्थित गरिनेछ।

७. किसानलाई आत्म निर्भर बनाउने गरी कृषि क्षेत्रमा लगानीमैत्री वातावरण सृजना गर्ने तर्फ विशेष जोड दिइनेछ र रासायनिक मलको अभावको विकल्पमा जैविक कम्पोस्ट मलको प्रयोगमा जोड दिइनेछ र कृषि बिउ वितरणको लागि कृषि सहकारीसँग समन्वय गरी कृषि बिउ बिजन खरिद र वितरणलाई व्यवस्थित गरिनेछ।

८. कृषि र पशुपालन क्षेत्रमा विभिन्न प्राकृतिक विपदबाट हुने सक्ने क्षतिको न्यूनीकरण, उद्धार तथा राहतका कार्यक्रम सञ्चालन र कृषि तथा पशुपन्छी बिमा कार्यक्रममा कृषकको पहुँच वृद्धि गर्न संरक्षित कृषिको नीति अवलम्बन गरिनेछ र स्थानीय स्तरमा उत्पादन हुने तरकारी बिक्रीको लागि तरकारी मन्डी निर्माणका लागि स्थान पहिचान गरिनेछ।

९. युवाहरूलाई विदेश पलायन हुनबाट रोक्न युवा लक्षित गाई भैंसी पालन, बाख्रा पालन, कुखुरा पालन, मत्स्य पालन सम्बन्धी तालिमको व्यवस्था, विभिन्न अनुदानको व्यवस्था गरिने छ।

१०. कृषकहरूको उत्पादनलाई असर पुऱ्याउने विभिन्न प्रकारका रोग, महामारी, परिजीवित व्यवस्थापन गर्न जनचेतना मूलक कार्यक्रम, शिविर, भेक्सीनेशन तथा उपचारका कार्यक्रमहरू सञ्चालन गरिने छ।

११. कृत्रिम गर्भाधान, वर्णशंकर पशु उत्पादनमा जोड दिई पशु शिविरहरू सञ्चालन गरिनेछ र बाहिरबाट छोडिने पशु चौपायालाई नियन्त्रण गर्न स्थानीय प्रशासनसँग समन्वय गरिनेछ।

**उद्योग तथा वाणिज्य**

१२. युवा शक्तिमा रहेको व्यावसायिक प्रतिभाको पहिचान गरी उनीहरूको रुचि र क्षमता अनुसार उद्यमी बनाई स्वरोजगार गराउनका लागि उद्यमशीलता तथा सीपमूलक तालिम दिई **युवा उद्यमशील कोष स्थापना** र परिचालन गर्ने र फलामको काम गर्ने, कपाल काट्ने, माटोको काम गर्ने, सानो चिया पसल गर्ने, काठको काम गर्ने, बास बेतको काम गर्ने एवं सानो पुँजीको काम गर्ने नागरिकहरू लगायत स्थानीय कुटीर उद्योग र लघु उद्यमलाई अनुदानको व्यवस्था गरी व्यवसायी बनाउन जोड दिइनेछ।

१३. पैंतिस लाख भन्दा बढी लगानीको उद्योग स्थापना गर्ने उद्योगीहरूको लागि ५ वर्ष बराबरको प्रतापपुरमा लाग्ने सम्पूर्ण कर छुट दिइनेछ। बजारलाई व्यवस्थित र स्वच्छ प्रतिस्पर्धी बनाउन तथा उपभोक्ताहरूलाई ठगिनबाट जोगाउनको लागि व्यापारीहरूको सहभागितामा **व्यापार आचार संहिता**लागू गरिनेछ।

१४. यस प्रतापपुर गाउँपालिकामा सङ्घीय तथा प्रदेश सरकारको सहयोग र समन्वयमा उपयुक्त स्थानमा उद्योग ग्राम स्थापनाका लागि पहल गरिने छ र उपयुक्त स्थानमा **उद्यमी घर (बिक्री कक्ष)** स्थापना गर्नको लागि पहल गरिनेछ।

१५. प्रतापपुर गाउँपालिकामा लघु उद्यमको विकास गर्न पटेरको संरक्षण गर्ने, लघु उद्यम व्यवसाय निःशुल्क दर्ता, लघु उद्यमीको मेला तथा प्रदर्शनी, उत्पादित बस्तुको बाजारीकरण र परम्परागत लघु पेशा र संस्कृतिलाई प्रोत्साहन गरिनेछ।

उमेश चन्द्र यादव
अध्यक्ष

१६.गाउँपालिका भित्र उद्यम विकासको सम्भावना अध्ययन गरी गाउँपालिका भित्र सम्भावित नयाँ उद्योगहरू स्थापना गर्न लगानी मैत्री वातावरण बनाइनेछ। लघु उद्यम कार्यक्रमलाई निरन्तरता दिँदै गरिब विपन्न परिवार र व्यक्तिहरू पहिचान गरी सिपमूलक कार्यक्रम सञ्चालन मार्फत व्यवसाय गर्न उपयुक्त लगानी वृद्धि गरिनेछ। लघुउद्यम कार्यक्रम मार्फत **लघु उद्यमी** तयार गरिने छ | लघुउद्यम कार्यक्रमलाई थप प्रभावकारी तुल्याइने छ।

**पर्यटन**

१७. प्रदेश सरकार र सङ्घीय सरकारसँगको समन्वयमा रेताको खाली जग्गा र चोर्निया घोललाई पर्यटकीय स्थलहरूको रूपमा विकसित गरिनेछ र चोर्निया घोलामा प्राकृतिक जलाशय निर्माणको अध्ययन गरी पर्यटकीय सम्भावनाको लागी प्रतापपुर गाउँपालिकाको पर्यटन गुरु योजना निर्माणमा जोड दिइने छ। बाउन्नगडी मन्दिर निर्माणको लागि लगानी र श्रोतको खोजी गरिनेछ।

१८. विभिन्न जातजातिको सांस्कृतिक परम्परा झल्काउने कार्यक्रम सञ्चालन गरी आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्ने र पर्यटकीय गन्तव्य स्थलको रूपमा लैजान सबै व्यवहारलाई सुधार गरिनेछ।थारु समुदायको मौलिक संस्कृतिलाई प्रवर्द्धन गर्न वर्षको एक दिन विशेष कार्यक्रम आयोजना गर्ने व्यवस्था मिलाइने छ।

**सभाका सदस्य ज्यूहरू**

**सहकारी**

१९. सहकारीलाई प्रतापपुरको आर्थिक विकासको मेरुदण्डको रूपमा विकास गरिनेछ। साना र उत्पादनमूलक सहकारीलाई प्रतापपुर गाउँपालिकाको योजना कार्यान्वयनमा आबद्ध गरिनेछ। सहकारी शिक्षालाई प्राथमिकताका साथ जोड दिँदै सहकारी मर्जिङ गर्न उपयुक्त कानुन कार्यविधि बनाई लागू गरिनेछ र कृषि क्षेत्रलाई विकास गर्न सहकारीको भूमिकालाई परिभाषित गरिनेछ।

२०: प्रतापपुर गाउँपालिका भित्र मापदण्ड पुरा नगरेका तथा नवीकरण नभएका र सहकारीको कानुन भन्दा बाहिर रही अन्य अनियमित काम गरेका सहकारीहरूलाई नियमन गरी कानुनको दायरामा ल्याइनेछ।

**वित्तीय क्षेत्रहरू (राजश्व परिचालन)**

२१. राजश्व परामर्श समितिले दिइएको सुझावलाई आधार मानी कर दस्तुर, शुल्क आदि वैज्ञानिक तवरले निर्धारण गरी गाउँपालिकाको आयस्रोतलाई दिगो बनाइनेछ। २०८१ श्रावण देखि **सम्पत्ति कर** लागु गरिने छ।

२२. राजश्वको दायरा वृद्धि गर्ने, राजश्व सङ्कलन प्रक्रियालाई सरलीकरण गर्ने, करदाता शिक्षा प्रदान गर्ने, कर तिर्न अभिप्रेरित गर्ने, प्रत्येक वडामा राजश्व सङ्कलन र राजश्वको क्षेत्र पहिचान गर्ने गरी अभियान सञ्चालन गरिनेछ। करका दायरमा सूचीकृत हुने करदाताहरूको अभिलेखलाई कम्प्यूटराईज गरी अद्यावधिक गरिनेछ। गाउँपालिकाले प्रवाह गर्ने सेवा सुविधालाई कर सँग आबद्ध गरी गाउँपालिकाको आन्तरिक आयमा वृद्धि गर्ने रणनीति अवलम्बन गरिनेछ।उत्कृष्ट कर दाता पहिचान गरी हिउँदे सभाको समयमा सम्मान गरिने छ।

२३. यस गाउँपालिकाका नदी तथा खोलाको घाटमा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गरी नदी तथा खोलाबाट निर्माण सामाग्री उत्खनन तथा सङ्कलनको लागि आय ठेक्का गरिनेछ।

२४. आर्थिक सहायता, विपद् व्यवस्थापन, औषधोपचार, विपन्न प्रमाणित, विद्यार्थी छात्रवृत्ति र योजना सम्बन्धी सम्पूर्ण सिफारिस निःशुल्क गरी वडा तथा गाउँपालिकाबाट प्रदान गरिने अन्य जुनसुकै सेवामा करलाई अनिवार्य गरिनेछ र सेवा लिंदा दिदा कर तिरेको नगदी रसिद अनिवार्य रूपमा संलग्न गराइने परिपाटी विकास गरिनेछ

२५. गाउँपालिका तथा वडा कार्यालयबाट प्रदान गरिने सिफारिस तथा कार्यालयको दर्ता चलानी तथा योजना आयोजनाहरूको व्यवस्थापन तथा सञ्चालनलाई सूचना प्रविधि मैत्री बनाइने छ।

## सामाजिक विकास

### शिक्षा

२६. विद्यालयहरूमा शैक्षिक जनशक्ति कम भएको हुँदा गाउँपालिका भित्रका शैक्षिक बेरोजगारहरू मार्फत अध्यापन गराउन र गाउँपालिकाका विभिन्न क्रियाकलापमा रोजगारी दिने गरी **अध्यक्ष शैक्षिक बेरोजगार सम्बोधन कार्यक्रमलाई निरन्तरता** गरिनेछ र विद्यालय समय भन्दा बाहिर बालबालिकालाई अध्ययन गराउन र सिकाई क्रियाकलाप सञ्चालन गर्न यस कार्यक्रम मार्फत टोलहरूमा शिक्षा सहकर्मीको रूपमा समेत खटाउने व्यवस्था गरिनेछ।

२७. माध्यमिक विद्यालयहरूमा **प्राविधिक धारको शिक्षा सञ्चालनमा** जोड दिइनेछ र प्रतापपुरमा एउटा प्राविधिक शिक्षालयको स्थापना गरिनेछ।

२८. स्थानीय शिक्षा ऐन, नियममा सङ्घ र प्रदेश कानुन सँग बाझिएका शिक्षा सम्बन्धी व्यवस्थालाई समयानुकूल संशोधन गर्दै हालको शैक्षिक व्यवस्थालाई परिवर्तन गरिनेछ र स्थानीय पाठ्यक्रम निर्माण भई सकेको हुँदा **आगामी आर्थिक वर्षमा स्थानीय पाठ्यक्रममा नैतिक शिक्षा तथा संस्कृत शिक्षा का पाठ्यक्रमहरू समावेश गरी आवश्यक संशोधनको व्यवस्था मिलाई** पाठ्यक्रम छपाई का लागि आवश्यक बजेटको व्यवस्था गरिने छ। विद्यार्थी शिक्षक र कक्षा अनुपातका आधारमा शिक्षक दरबन्दी मिलान तथा कक्षा र विद्यालय **मर्ज गर्ने नीति** ल्याइने छ।

२९. सामुदायिक विद्यालयको समस्या समाधानका लागि विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक पदाधिकारी समेतको अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिने छ। सामुदायिक विद्यालय शिक्षा प्रति छात्रछात्राको आकर्षण बढ्दै गएको कारण सञ्चालनमा रहेका मा.वि स्तरका विद्यालयहरूमा थप ११ र १२ कक्षा सञ्चालनमा ल्याइने नीति अवलम्बन गरिनेछ।

**सभाका सदस्य ज्यूहरू**

३०. प्रतापपुरको पञ्च वर्षीय शिक्षा योजनाले राखेको **"हाम्रो इच्छा, प्रतापपुरमा प्रविधियुक्त बहुआयामीक शिक्षा"** भन्ने ध्येय प्राप्त गर्न विद्यालय स्तरीय शिक्षामा सूचना प्रविधिको प्रयोगलाई प्रोत्साहित गर्दै पठन पाठनलाई गुणस्तरीय एवं समयानुकूल बनाउन प्रत्येक विद्यालयका शिक्षकलाई ICT तालिम दिइनेछ

३१. गाउँपालिका भित्रका प्रविधियुक्त उच्च शिक्षा हासिल गर्न चाहने बिद्यार्थीहरु र जेहेन्दार, गरिब, दलित र **छात्राहरूलाई छात्रवृत्ति एवं प्रोत्साहन** उपलब्ध गराउने नीति अवलम्बन गरिनेछ।

उमेश चन्द्र यादव
अध्यक्ष

३२. प्राथमिक स्तरका विद्यालयलाई शिक्षण सिकाई उपलब्धिका लागि अझ थप प्रभावकारी क्रियाकलाप सञ्चालन गरी प्राथमिक शिक्षालाई थप मजबुत गरिनेछ साथै आधारभूत विद्यालय स्तरको गुणस्तरीय शिक्षाको लागि गा.पा. स्तरीय सञ्चालन हुने परीक्षालाई थप मर्यादित बनाउँदै लैजाने नीतिलाई निरन्तरता दिइनेछ।

३३. शिक्षाबाट कुनै पनि बालबालिका वञ्चित नहुनको लागि भर्ना अभियान चलाइनेछ र अपाङ्ग विद्यार्थीहरूलाई निःशुल्क शिक्षा प्रदान गर्न शैक्षिक सामाग्रीको व्यवस्था गरिनेछ।

३४. उच्च महामारीको जोखिम बाट बचाउन बालबालिकाहरूको स्वास्थ्यलाई ध्यान दिँदै प्रत्येक विद्यालयहरूमा स्वास्थ्य शिक्षा तालिम सञ्चालन गर्ने नीति ल्याइने छ र पालिका स्तरीय खेलकुदमा भाग लिने बालबालिकालाई निःशुल्क ड्रेस उपलब्ध गराउन आवश्यक बजेट विनियोजन गरिने छ

३५. हरित र शीतल विद्यालय बनाउन विद्यालयहरूमा वृक्षारोपण र बिद्युतीकरण कार्यक्रम लाई प्रोत्साहित गरिने छ।

३६. सामुदायिक विद्यालयको सम्पत्ति खोजी गरी विद्यालयको आन्तरिक आम्दानी वृद्धि गर्न एक विज्ञ टोली गठन गरी टोलीले दिएको सुझावलाई कार्यान्वयन गरिनेछ र विद्यालयको आम्दानीको श्रोतको अभिलेख गाउँपालिकामा बुझाउनु पर्ने नीतिलाई अनिवार्य गरिनेछ।

३७. आगामी आर्थिक वर्ष देखी प्रत्येक आर्थिक वर्षमा एस.इ.ई दिएर बसेका कम्तीमा ६० जना विपन्न परिवारका विद्यार्थीहरूलाई बेसिक कम्प्युटर तालिम प्रदान गरी अबको तिन वर्षमा १८० जना एस.इ.ई दिएर बस्ने विद्यार्थीहरूलाई कम्प्युटर तालिम प्रदान गरी दक्ष बनाइने छ।

## स्वास्थ्य

३८. आकस्मिक प्रसूति सेवालाई व्यवस्थित तथा थप जिम्मेवारी बनाउन वर्थिङ सेन्टरहरूमा थप उपचार आवश्यक परेमा वा प्रेषण गर्नु परेमा गरिब तथा विपन्नको लागि लाग्ने एम्बुलेन्स खर्च व्यहोर्ने र पालिका भित्र सुत्केरी हुने महिलाहरूलाई स्वास्थ्य संस्था सम्म ल्याउन निःशुल्क एम्बुलेन्स सञ्चालन गर्ने कार्य निरन्तरता दिइयेने छ | गरिनेछ र यसलाई दिगो बनाउन सम्बन्धित संस्थामा सहयोग कोषको स्थापना गरिनेछ।

३९. गाउँपालिकामा क्रमशः सबै वार्डलाई पूर्ण संस्थागत सुत्केरी (Zero home delivery) घोषणा गरिने छ जसको लागि आवश्यक कार्यक्रम ल्याइने छ। सिकलसेल एनिमिया तथा थालासेमिया रोग सम्बन्धी उपचारका साथै सामाजिक व्यवस्थापकीय कार्यक्रम चलाइनेछ।

४०. सबै गाउँपालिकावासीलाई आधारभूत स्वास्थ्य सेवाको सहज पहुँचको व्यवस्था मिलाइनेछ र पन्ध्र शैया सम्मको अस्पताल निर्माण कार्यलाई तीव्रता प्रदान गरिनेछ। भवन नभएका स्वास्थ्य संस्थाहरूको भवन निर्माण प्रक्रियालाई निरन्तरता दिइनेछ। खोप तथा गाउँघर क्लिनिकहरूलाई भौतिक संरचना निर्माण गरी व्यवस्थित गरिने छ। सम्पूर्ण स्वास्थ्य सस्ताहरूलाई अपाङ्ग, किशोर, किशोरी मैत्री बनाइनेछ|

४१. गर्भवती महिलाले ८ पटक गर्भ जाँच गरेबापत स्वास्थ्य संस्थाबाट क्याल्सियम तथा थप प्रोत्साहनको व्यवस्था गरिनेछ। स्वास्थ्य उपचार गर्न नसक्ने बिरामी, अति विपन्न नागरिक, हिंसा पीडित

महिला, कुपोषित बालबालिका लगायतका नागरिकलाई राहत स्वरूप प्रदान गर्न आर्थिक सहायता कोष स्थापना गरिनेछ।

४२. जग्गनाथपुर आधारभूत अस्पतालको स्वीकृति लिई पन्ध्र शैया अस्पतालको दरबन्दी अनुसार जनशक्ति पुर्ति गर्न प्रदेश सरकार र सङ्घीय सरकारसँग समन्वय गरी २४ सै घण्टा सेवा दिने व्यवस्था मिलाइनेछ साथै स्वास्थ्य बिमालाई समेत क्रमशः कार्यान्वयन गरिनेछ।

४३. आयुर्वेद औषधालय बाट प्रदान गरिने सेवालाई प्रभावकारी तुल्याइने छ।

४४. ज्येष्ठ नागरिक तथा अपाङ्ग असहाय नागरिकहरूलाई निःशुल्क रूपमा आयुर्वेद उपचार **आयुर्वेद गाउँघर क्लिनिक**लाई निरन्तरता दिइनेछ र प्रतापपुरका वडामा रहेका प्रत्येक स्वास्थ्य संस्थामा कम्तीमा महिनाको दुई पटक आयुर्वेद क्लिनिक सञ्चालन गरिनेछ।

४५. एच.आइ.भि. पीडितहरूलाई सहयोग गर्ने नीति अवलम्बन गरिने छ र रोग बल्झी आएका क्षयरोगका बिरामीलाई पोषण भत्ताको व्यवस्था गरिनेछ र ८० वर्ष उमेर पुगेका वृद्धहरूको लागि घरदैलोमा स्वास्थ्य उपचार सेवा कार्यक्रम संचालन गरिनेछ।

४६. महामारीको पूर्व तयारी तथा व्यवस्थापनको लागि RRT लाई तयारी अवस्थामा राख्नुको साथै उक्त कार्यलाई प्रभावकारी बनाउन औषधि तथा स्वास्थ्य सम्बन्धी सामाग्रीहरू तयारी हालतमा राखिने छ र सरुवा तथा मौसमी रोगलाई नियन्त्रण गर्न आवश्यक व्यवस्था गरिनेछ।

४७. प्रतापपुर गाउँपालिकाका सम्पूर्ण नागरिकहरूको नियमित स्वास्थ्य परीक्षण अभियान सञ्चालन गरिनेछ, जस अन्तर्गत वृद्ध वृद्धा र अपाङ्ग भएका नागरिकहरूलाई घरदैलो मै गई नियमित स्वास्थ्य परीक्षण गरिने कार्यक्रमलाई निरन्तरता प्रदान गरिने छ। **आगामी आर्थिक वर्ष २०८१।८२ बाट अध्यक्ष सँग घुम्ती स्वास्थ्य सेवा कार्यक्रमका साथै पालिकाले एकीकृत घुम्ती शिबिर सेवा पनि सञ्चालन गरिने छ। सोको लागी आवश्यक बजेट व्यवस्था गरिने छ।**

४८. उपाध्यक्ष सँग आमा कार्यक्रम अन्तर्गत सुनौलो हजार दिनका विपन्न परिवारका आमाहरूलाई पोषण भत्ता बापत एक पटक गाउँपालिका बाट रु ५००० एक एकमुष्ट आर्थिक सहयोग प्रदान गरिने छ।

**सभाका सदस्य ज्यूहरू**

४९. प्रतापपुर गा.पा. भित्र ६० वर्ष पूरा भएका तथा अन्य कारणले सेवा प्रदान गर्न कठिन भएका महिला स्वास्थ्य स्वंय सेविकाहरुलाई स–सम्मान बिदाइ हुने व्यवस्थाको निरन्तरताको लागी आवश्यक व्यवस्था मिलाइने छ। जसको लागी **महिला स्वयंसेविका कल्याण कोष स्थापना** गरी कार्यविधि बनाई कार्यान्वयन गरिनेछ।

५०. स्वास्थ्य सूचना प्रणालीको चुस्तताको लागि DHIS प्रणालीलाई सशक्त बनाइने छ र स्वास्थ्य सेवा अन्तर्गतका कार्यक्रमहरूको प्रभाव विश्लेषणका लागि खोज अनुसन्धान कार्य गरिने छ।

**खानेपानी तथा सरसफाइ**

५१. गाउँपालिका खुल्ला दिशा मुक्त घोषणा भई सकेको परिपेक्षमा यसको प्रभावकारिता अध्ययन गरिने छ तथा शौचालय नभएका विपन्न तथा गरिब घर परिवारलाई शौचालय निर्माणको लागी प्रति घर परिवार रु २५०० अनुदानको व्यवस्था गरिने छ।

५२. लामखुट्टेको प्रकोपबाट रोगको महामारी फैलन सक्ने अवस्थालाई रोक्न नियन्त्रणका कार्यक्रम सञ्चालन गरिनेछ र पालिका स्तरीय स्थानीय खानेपानी तथा सरसफाइ स्वच्छता समिति गठन गरिनेछ।

५३. सबैका लागि स्वच्छ खानेपानी उपलब्ध गराउन स्यालो तथा डिप–ट्युबवेल एवं ओभर हेड ट्याङ्क निर्माण गर्ने कार्यलाई प्राथमिकताका साथ सञ्चालन गर्ने र अधुरो ट्याङ्की निर्माण र पाइपलाइन बिस्तार गर्ने कार्यलाई सम्पन्न गर्न प्रदेश सरकारले विनियोजन गर्ने रकममा उपभोक्ताको श्रमदान बापतको रकम गाउँपालिकाले व्यहोर्ने गरी सबै गाउँपालिका बासीलाई स्वच्छ खानेपानीको प्रत्याभूति गरिनेछ, पाइपलाइन पुर्ने खाडल बनाउनको लागि बकेट जडित ट्रयाक्टर खरिद गरिनेछ सबै स्वास्थ्य संस्था र वडा कार्यालयमा खानेपानी प्रशोधन प्रणाली जडान गरिनेछ|

५४. सबै वडाका उदीयमान बजारहरूमा सरसफाइका लागि डस्टबिन वितरण र सुलभ शौचालय निर्माण गरिनेछ। गाउँपालिका क्षेत्रको चोर्निया घोलामा डम्पिङ साइट निर्माणको कार्य थालनी गर्ने तथा गाउँपालिका क्षेत्रमा सरसफाइ कार्यक्रम सञ्चालन गरिने छ।

५५. गाउँपालिका भित्रका खाने पानीको श्रोतहरूको पानीको स्वच्छता परीक्षण तथा आर्शेनिक परीक्षण कार्यक्रम सञ्चालन गरिने छ।

५६. फोहोरलाई मोहरमा रूपान्तरण गर्ने नीति अवलम्बन गरिने छ। फोहोर मैला व्यवस्थापन कार्यलाई प्रभावकारी तुल्याइने छ।फोहोर मैला सङ्कलन कार्यलाई संचालन गरिनेछ।

**रोजगार सेवा**

५७. प्रधानमन्त्री रोजगार सेवालाई प्रभावकारी बनाउन सङ्घीय सरकारको कानुन बमोजिम यस पालिकाका विभिन्न योजना र स्थानमा रोजगारी दिने र यसै पालिकाबाट वैदेशिक रोजगारमा जाने व्यक्तिलाई श्रम स्वीकृति दिने व्यवस्थालाई सरलीकरण गरिनेछ।

**सामाजिक सुरक्षा तथा पंजीकरण**

५८. लाभग्राही व्यक्तिहरूले प्राप्त गर्ने सामाजिक सुरक्षा भत्तालाई पूर्ण रूपमा बैङ्किङ प्रणाली मार्फत भुक्तानी हुँदै आएकोमा यसलाई निरन्तरता दिँदै सामाजिक सुरक्षाका लाभग्राही व्यक्तिहरूको पहिचान र प्रविष्टिमा सहजीकरण गरी एकरूपता गरिनेछ।व्यक्तिगत घटना दर्तालाई विद्युतीय प्रणालीबाट सेवा दिँदै आएकोमा समयमै घटना दर्ता गर्नको लागि प्रोत्साहित गरिनेछ।

५९. कपडा बैङ्कको स्थापना गरी सो को व्यवस्थापनको लागी आवश्यक बजेट व्यवस्थापन गरिने छ।

६०. अति विपन्न घरपरिवारका गाउँवासीहरूलाई राहत स्वरूप दलित घर परिवारका सदस्यको सामाजिक सुरक्षालाई ध्यानमा राख्दै अति विपन्न घर परिवारलाई मृत्यु दर्ता पश्चात् मृत्यु संस्कारमा सहयोग स्वरूप प्रति घर परिवार एक पटक रु.५००० आर्थिक साहायता प्रदान गरिने छ।

**संस्कृति प्रवर्द्धन**

६१.गाउँपालिका भित्रका सबै जातजाति, भाषा, धर्म, उनीहरूको मौलिक संस्कृति र परम्पराको संरक्षण गर्न गाउँपालिकाले अलगै नीति बनाई लागु गर्नेछ। जाति र स्थान विशेषका धार्मिक संस्कृतिको संरक्षण संवर्धन गर्नको लागि प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

उमेश चन्द्र यादव

६२. विभिन्न प्रकारका स्थानीय संस्कृति, अलग मेला पर्व, धार्मिक स्थल, विवाह भोज लगायतका कार्यक्रममा डिजे सहितका बाजागाजा सङ्गीतको ठुलो स्वरले ध्वनि प्रदूषण भई बच्चाहरू र दिर्घरोगी लगायतलाई प्रतिकुल असर पर्ने हुँदा सो कार्यलाई प्रतिबन्ध लगाई आवश्यक कारवाही गरिनेछ।

६३. प्रत्येक वर्षको एक दिन स्थानीय संस्कृति प्रवर्द्धनको लागी छुटाइने छ।

खेलकुद तथा मनोरञ्जन

६४. सङ्घ तथा प्रदेश सरकारको साझेदारीमा गाउँपालिका भित्र एउटा **रङ्गशाला निर्माणका** लागी **श्रोतको खोजी गरिनेछ। गाउँपालिका स्तरीय अध्यक्ष कप खेलकुद प्रतियोगिता** सञ्चालन गरिनेछ।राष्ट्रपति रनिङ्ग शिल्ड तथा विद्यालय स्तरीय खेलकुद प्रतियोगिता एक साथ सञ्चालन गरिनेछ। राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी हुने टिमलाई आर्थिक सहायता प्रदान गरिनेछ।

६५. खेलकुदमा युवा वर्गको सहभागिता अभिवृद्धि गर्न स्थानीय सङ्घ संस्था समेतको सहभागितामा विभिन्न खेलकुद प्रतियोगिताहरू सञ्चालन गर्न प्रोत्साहन गरिनेछ।

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

६६. बालबालिका माथि हुने शारीरिक, मानसिक तथा यौनजन्य दुर्व्यवहार न्यूनीकरण गर्ने नीति लिइनेछ साथै बाल क्लब गठन सञ्चालन तथा नियमन गर्ने नीति लिइनेछ र **बालमैत्री स्थानीय सरकार (CFLG)** घोषणा गर्न आवश्यक प्रक्रियालाई दीईयेइने छ। मुस्लिम, मुसहर लगायतका पिछडिएको वर्गको आय आर्जन, सिप विकास जस्ता प्रत्यक्ष फाइदा पुग्ने कार्यक्रमहरू उनीहरूकै सहभागीतामा सञ्चालन गरिनेछ। महिला हिंसा, लैङ्गिक विभेद, बालश्रम, बालबिवाह, अनमेल विवाह जस्ता सामाजिक समस्याहरूलाई न्यूनीकरण गर्ने कार्यमा प्रत्येक वडालाई जिम्मेवार बनाई प्रत्येक टोलमा महिला समूह गठन र परिचालन गर्ने नीति लिइनेछ।

६७. प्रतापपुर गाउँपालिका भित्र २०८१ श्रावण १ गते देखि लागु हुने गरी बालिकाहरूलाई लक्षित गरी बालिका (छोरी) बिमा कार्यक्रम सञ्चालन गरिनेछ।बालिका बिमा सञ्चालन गर्दा स्वास्थ्य शाखा र महिला तथा बालबालिका शाखाको समन्वयमा कार्यविधि बनाई लागु गरिनेछ।

६८. महिला विरुद्ध हुने सबै किसिमका हिंसा, विभेद र बहिष्करण अन्त्यका लागि लैङ्गिक समानता तथा महिला सशक्तीकरणमा सहयोग पुग्ने कार्यक्रम सञ्चालन गरिनेछ र महिलाहरूको आय आर्जनमा सुनिश्चित गर्ने सिपमूलक र रोजगारीमूलक कार्यक्रमहरू सञ्चालन गरी उनीहरूको आयमा पहुँच वृद्धि गरिनेछ साथै घरायसी रक्सी पिएर घरमा महिला हिंसाका घटना धैरै हुने भएकाले घरायसी मादक पदार्थलाई नियन्त्रण गर्न स्थानीय प्रशासनको समन्वयमा नियमन गरिनेछ।

६९. बेदर्ता जग्गामा बसोबास गर्ने अव्यवस्थित बसोबासीहरुको लगत तथा तथ्याङ्क सङ्कलन गरी समस्या समाधान गर्ने नीति ल्याइनेछ। भुमिहीन तथा अव्यवस्थित बसोबासको चपेटामा परेका अति विपन्न परिवारको तथ्याङ्क सङ्कलन गरी उनीहरूलाई उचित व्यवस्थापन गर्न तथा लाल पुर्जा वितरणमा सहजीकरण गरिने छ।

७०. अपाङ्गता भएका व्यक्तिहरूलाई आत्मनिर्भर र स्वाभिमान बनाउनका लागि समान अवसर तथा सेवा सुविधामा पंहुच बढाउन उनीहरूलाई सहयोग पुग्ने किसिमका कार्यक्रमहरू सञ्चालन गर्ने र अपाङ्ग परिचय पत्र निर्माणमा जोड दिइनेछ।

उमेश चन्द्र यादव
अध्यक्ष

७१. सीमान्तकृत विपन्न तथा अति गरिबहरूको लागि आय आर्जन सम्बन्धी सीपमूलक कार्यक्रम सञ्चालन गरिनेछ।महिला, दलित, आदिवासी/जनजाति, थारु, मुस्लिम, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति लगायत पिछडिएको वर्ग र समुदायको सशक्तीकरणका कार्यक्रमलाई अझ प्रभावकारी रूपले सञ्चालन गरिनेछ साथै सामाजिक विकृतिको रूपमा रहेको छुवाछुत, जातीय विभेद, दाइजो प्रथा मुक्त समाजको निर्माण गरिनेछ।

७२. बिमा सम्बन्धी सचेतना कार्यक्रम गरी प्राकृतिक र मानव सिर्जित जोखिमहरूबाट मानव जीवन, सम्पत्ति र दायित्वको रक्षा वरण गरी वित्तीय सुरक्षा प्रदान गर्न दुर्घटना, विपद्, स्वास्थ्य सुरक्षा, सम्पत्तिहरू लगायत विभिन्न बिमा कार्यक्रमलाई लागु गर्न प्रोत्साहित गरिनेछ।

७३. ज्येष्ठ नागरिकहरूको आधारभूत अधिकारको संरक्षण गर्दै उनीहरूका लागि सम्मानजनक एवं सन्तुष्टिपूर्वक जीवनयापनको लागि आवश्यक कार्यक्रम कार्यान्वयन गर्ने तर्फ जोड दिइनेछ।

७४. कडा रोग लागेर उपचार गर्न नसक्ने अति गरिब र विपन्न नागरिकहरू, हिंसा पीडितहरू, कुपोषित बालबालिकाहरूको लागि सामान न्याय र अवसर दिलाउन तथा मृत्यु भएका विपन्न घरपरिवारलाई काज क्रिया गर्न गाउँपालिका स्तरिय **सामाजिक सहायता, आपतकालिन तथा विपन्न सहयोग कार्यक्रम** मार्फत आर्थिक सहयोग गर्ने व्यवस्था मिलाइने छ।

७५. प्रतापपुर गाउँपालिका भित्रका शैक्षिक बेरोजगारहरूलाई सरकारी निकायको लोक सेवा आयोगको परीक्षामा प्रोत्साहित गर्न लोक सेवा आयोगको कक्षा सञ्चालन गरिनेछ र उक्त कक्षा अध्ययन गरेका व्यक्तिले लोक सेवा पास गरेमा पुरस्कृत गरिनेछ।

**पूर्वाधार विकास**

**स्थानीय सडक, पुल पुलेसा**

७६. गाउँपालिकाबाट सञ्चालन गरिने पूर्वाधार विकासको काममा दिगोपना र प्रभावकारिताका लागि गुणस्तर सुनिश्चित गर्न प्रयोगशाला परीक्षणलाई सञ्चालनमा ल्याइने छ र वडा नं. १ देखि ९ सम्म सजिलै पुग्ने गरी **प्रतापपुर चक्रपथ (रिंगरोड)** निर्माणमा तीव्रता दिइनेछ।

७७. गाउँपालिका क्षेत्रका हाल भइरहेका मुख्य सडकहरूको स्तरोन्नति गर्ने र क्रमशः कालोपत्रे गर्ने कार्यलाई निरन्तरता दिई प्रतापपुर गाउँपालिकाको सडक गुरुयोजना २०८०/८१ लागु गर्ने तथा **सडकको क्षेत्राधिकार एवं नामकरण समेत तयार गरी लागु गरिनेछ।** गाउँपालिका भरिका मुख्य-मुख्य सडकको अधिकार क्षेत्र कायम गरिनेछ र आगामी पाँच वर्ष भित्र कच्ची रहित सडक निर्माणका लागि गाउँ भित्रको बाटोलाई पी.सी.सी. र आर.सी.सी. तथा बाहिरी बाटोलाई कालोपत्रे गर्दै लगिनेछ।

७८. सडक अधिकार क्षेत्र मिच्ने , सार्वजनिक स्थानमा टहरा बनाउने कार्यलाई निरुत्साहित गर्दै त्यस्ता कार्य भए गरेकोमा कानुनि सजायको दायरामा ल्याउने नीति लीइयेने छ।

**सभाका सदस्य ज्यूहरू**

७९. गाउँपालिका भित्र नयाँ सडक विस्तार गर्ने भन्दा भएका सडकहरू नियमित रूपमा मर्मत गर्ने, सुविधायुक्त सडक बनाउने तर्फ गाउँपालिकाको ध्यान केन्द्रित गरिनेछ।

८०. विभिन्न वडाबाट विनियोजन हुने बजेटमा कृषि बाटो निर्माणलाई प्राथमिकता दिइनेछ।

८१. सडकको नाम तथा क्षेत्राधिकार तोक्ने नीति लिइने छ।

सन्तोष चन्द्र यादव
अध्यक्ष

भवन तथा सहरी विकास

८२. एकीकृत बस्ती विकास योजनाको लागि अध्ययन प्रारम्भ गरिनेछ। भवन संहिता पालनाका लागि प्रतापपुर इन्टिग्रेटेड बिल्डिङ्ग कोड सिस्टम निर्माण र कार्यान्वयन गरिनेछ। घर जग्गा नक्सा पासलाई चालु आर्थिक बर्ष बाट सुरुवात गरिएको तथा आगामी वर्षमा थप अनिवार्य गरी भूकम्पीय जोखिमलाई न्यूनीकरण गर्दै व्यवस्थित योजनाबद्ध बजारीकरणको सुरुवात गरिनेछ।

८३. स्थानीय तहमा कार्यरत प्राविधिकहरूबाट घरको डिजाइन एवं ड्रइङ(नक्सा) तयार गर्ने व्यवस्था सुरुवात गरी गाउँपालिकालाई नगर उन्मुख पालिकामा जोड दिइनेछ र अति विपन्न नागरिकहरूलाई प्रदेश तथा सङ्घीय सरकारसङ समन्वय गरी झुपडी मुक्त गर्न बिपन्न परिवार पक्की आवास निर्माण कार्यको लागी प्रक्रिया अगाडि बढाइनेछ।

८४. गोपिगंज, सेमरी, बेलाटारी, सुर्यपुरा, गुठीप्रसौनी, झुलनीपुर, कुटीचोक, बाउन्नगढी, खैरहटवा, बर्दघाटे, बैदौली बजारलाई व्यवस्थित बजारको रूपमा विकसित गरिनेछ।

८५. स्वास्थ्य संस्था लगायत सबै सरकारी निकायमा सोलर सिस्टम जडान गर्ने नीति लिनेछ। गाउँपालिका क्षेत्र भित्रको वैकल्पिक ऊर्जाको सम्भाव्यता अध्ययन गरिनेछ। मुख्य मुख्य बजार क्षेत्रहरूमा सडक सेन्सर विद्युतीय जडान कार्यलाई निरन्तरता दिदैं विद्युत् नपुगेका क्षेत्रमा क्रमशः विद्युतीय गरिनेछ।

सूचना, प्रविधि तथा सञ्चार

८६. कार्यालयको सोधपुछ कक्षलाई व्यवस्थित गर्ने एवं फोन, इमेल र एस. एम.एस. बाट सेवा उपलब्ध सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने तथा ई पालिका, डिजिटल पालिकाको अवधारणालाई कार्यान्वयनमा ल्याइने छ।

८७. गाउँपालिकाको सूचना र जानकारीहरूको लागि गाउँपालिकाको वेबसाइटलाई निरन्तर सक्रिय राख्दै SMS सेवा समेतको व्यवस्था मिलाउने र सर्भर प्याक, राजश्व, जिन्सी, प्रशासनिक लगायतका सफ्टवेयर, अफिस अटोमेसन सफ्टवेयरको बिकास गरिनेछ र सबै वडा तथा सरकारी कार्यालयहरू, विद्यालय र बजार तथा मुख्य सडकहरूमा CCTV क्यामरा जडान गरिने छ तथा कार्यालयमा आइ.पी टेलिफोनको व्यवस्था मिलाइनेछ।

८८. गाउँपालिकाबाट हुने क्रियाकलापहरूको सार्वजनिक करण गर्नको लागि सञ्चारका माध्यबाट आम नागरिकलाई जानकारी गराउने नीति अवलम्बन गरिनेछ।

८९. हेलो गाउँपालिका अध्यक्ष कार्यक्रम सञ्चालन गरिने छ।

९०. सुशासनका मान्यतालाई प्राथमिकतामा राखी सुशासन प्रवर्द्धन ऐन तथा नियम लगायतका क्षेत्र गत नीतिले लिएका लक्ष, उद्देश्य आदी प्राप्तिको लागी सुशासन, पारदर्शिता, मितव्ययिता तथा सार्वजनिक खर्च गर्दा औचित्य ताको नीति लाई प्राथमिकतामा राखी गाउँपालिका बाट हुने स्वतः प्रकाशनलाई व्यवस्थित तुल्याइने छ।

४.वातावरण तथा विपद् व्यवस्थापन

वन तथा भू संरक्षण

९१. गाउँपालिकामा रहेका नदी उकाँस जग्गा, सार्वजनिक जग्गा, खाली स्थान, गण्डक नहर तथा विभिन्न नदीहरूको आसपासका खाली जग्गाहरूमा भु-संरक्षणको लागि सरोकारवाला सँग साझेदारी

तथा जनसहभागितामा वृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ र भू-उपयोग नीति अवलम्बन गरी भूमिको संरक्षण गरिने छ ।वातावरण संरक्षण गरी जलवायु परिवर्तनको दुष्प्रभाव न्यूनीकरण गर्न प्रत्येक वडा अन्तर्गत खाली जग्गाहरू, सडकको दाया बायाँ, घरहरूमा समेत वृक्षारोपण गरी गाउँपालिकालाई सुन्दर र हरियाली गाउँपालिका निर्माणमा जोड दिइने छ।

९२. राज्यको नाममा भएको सार्वजनिक सम्पत्ति खोज बिन गरी तथ्याङ्क लिई त्यसको उचित प्रयोग गरिनेछ र सडकको दायाँ बायाँ खाली जग्गा, सार्वजनिक बाझो तथा खाली जग्गामा वृक्षारोपण गरिनेछ साथै घर बनाउँदा घर सम्पन्न गरिसकेपछि प्रत्येक घरले आफ्नो घरको क्षेत्रमा कम्तीमा एउटा रुख रोप्ने अभियानलाई अगाडी बढाइनेछ।

९३. ट्युबवेल र बोरिङ जडान र खडेरीले पानीका मुहान र धर्ती भित्र पानी सुक्दै गएको हुँदा सम्बन्धित निकायसँग समन्वय गरी गण्डक नहरलाई बाह्रै महिना सञ्चालन गर्न पहल गरिनेछ र पुराना पानी कुलाहरू पनि सुचारु गरिनेछ।

## विपद् व्यवस्थापन

९४. नदी नियन्त्रण तथा श्रोत संरक्षणका लागि तटबन्ध एवं वातावरण संरक्षणका लागि आवश्यक कार्यक्रमहरू क्रमशः सञ्चालन गरिनेछ ।विपद् क्षेत्रको पहिचान एवं नक्शांकन गरी सोही अनुसार विपद् प्रतिकार्य योजना निर्माण र खुल्ला क्षेत्र पहिचान गरी विपद् व्यवस्थापन गरिने छ।

९५. विपद्का पूर्व चेतावनी प्रणाली लगायत विपद्का तिनै चरण समेट्ने गरी एक विपद् व्यवस्थापन प्रणाली निर्माण गरिनेछ। गाउँपालिकामा भूकम्प, असिना, आगलागी, बाढी, सर्पको टोकाई, चट्याङ, जंगली जनावरको आक्रमण एव विभिन्न दुर्घटनामा परेका व्यक्तिहरूलाई राहत प्रदान गर्न**स्थानीय विपद् व्यवस्थापन आकस्मिक कोष**लाई व्यवस्थित गरिनेछ र स्थानीय आपत्कालीन सञ्चालन केन्द्रलाई संस्थागत गरिनेछ।

९६. वर्षा याममा नदीको अधिक जल प्रवाहबाट हुने नदी नजिकका बस्तीहरूको जोखिम न्यूनीकरण गर्न खोला र नदी सरसफाइ गरी त्यसबाट निस्किने नदीजन्य पदार्थलाई व्यवस्थापन गरिनेछ ।बाढी प्रभावित क्षेत्रका जोखिम पूर्ण बस्तीहरूको पहिचान गरी विशेष सुरक्षा निगरानीमा राखिनेछ।विपद् व्यवस्थापनको क्षेत्रमा सहयोग पुग्ने गरी स्वयम सेवकको दस्ता तयार पारी आवश्यक तालिम तथा उपकण प्रदान गर्ने नीति लिइने छ।

## फोहर मैला तथा ढल व्यवस्थापन

९७. निषेधित क्षेत्र भित्र फोहोर फाल्ने कार्यलाई निरुत्साहित गर्नुको साथै अटेर गर्नेलाई कारबाहीको दायरामा ल्याइनेछ। गाउँपालिका क्षेत्रमा सरसफाइ अभियानको रूपमा सञ्चालन गर्ने, आफ्नो घर टोल क्षेत्र सरसफाइ राख्न अभिप्रेरित गर्ने र प्रतिस्पर्धात्मक चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्न टोल विकास समिति मार्फत सम्पूर्ण टोल बासीहरू तथा स्थानीय सङ्घ संस्थाहरूलाई परिचालन गरिनेछ। वर्षको एक पटक सरसफाइ सप्ताह कार्यक्रमलाई सञ्चालनमा ल्याइनेछ। जसले फोहोर गर्छ, उसैले सफा गर्नु पर्छ भन्ने नीतिलाई अवलम्बन गरिनेछ।

९८. ढल व्यवस्थापन कार्यलाई सहज बनाउन प्रत्येक नयाँ सडकको दायाँ बायाँ नाली निर्माणलाई अनिवार्य गरिनेछ। सडक कालोपत्रे तथा स्तरोन्नति कार्यमा समेत नाली निर्माणलाई समावेश गरिनेछ।

फोहोर मैला व्यवस्थापन कार्यका लागि ल्यान्ड फिल साइड (Land Fill Site) को डी.पी.आर. अनुसारको संरचना निर्माण गरिनेछ।

**सभाका सदस्य ज्यूहरू**

## संस्थागत विकास तथा सेवा प्रवाह र सुशासन प्रवर्धन

९९. **"सुशासनमा अभिवृद्धि प्रतापपुरको संवृद्धि भन्ने नारा"** लाई सफल पार्न गाउँपालिकामा सेवा प्रवाहको समग्र पक्रिया सहितको डिजिटल **नागरिक बडापत्र चालु आर्थिक वर्षमा व्यवस्था** गरी गुनासो र उजुरी सुनुवाइको व्यवस्था मिलाइनेछ। सबै वडा कार्यलयहरु, विद्यालयहरूमा गुनासो पेटिका तथा सूचना अधिकारी तोकिने छ।

१००. गाउँपालिका भित्र रहेका सबै शाखा प्रमुख, कार्यालय प्रमुख, सामुदायिक विद्यालयका प्रधानाध्यापक, स्वास्थ्य संस्थाका प्रमुखहरू र वडा सचिवहरू सँग कार्यसम्पादन सम्झौता गरिने छ र कर्मचारीहरूको कार्य सम्पादन मूल्याङ्कन मापदण्ड तयार गरी २०८१ साल श्रावण १ गते देखी २०८० पौष बाट प्रदान गर्न सुरु गरिएको प्रोत्साहन भत्ताको व्यवस्थालाई निरन्तरता प्रदान गरिने छ र स्वास्थ्यकर्मीहरूलाई जोखिम भत्तालाई निरन्तरता दिइनेछ र **स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन(LISA)** र **वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA)**लाई व्यवस्थित गरी ससका सूचकहरूलाई पुरा गर्ने सम्बन्धित कर्मचारीलाई प्रोत्साहन भत्ता उपलब्ध गराइने छर समय पालना नगर्ने, आदेश र निर्देशनलाई नमान्ने, समयमा काम नगर्ने कर्मचारीहरूको सो बराबरको तलब कट्टा गरिनेछ।

१०१. सम्पूर्ण शाखाबाट सम्पादन हुने विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दा जनप्रतिनिधिहरु संग समन्वय गरी सञ्चालन गर्ने व्यवस्था गरिनेछ, समन्वय नगरी कार्यक्रम सञ्चालन गरेमा सोको जिम्मेवारी कार्यक्रम सञ्चालन गर्ने कर्मचारी वा शाखाले लिने व्यवस्थालाई अनिवार्य गरिनेछ।

१०२. जनप्रतिनिधि र कर्मचारीहरूको क्षमता विकास गरी सेवा प्रभावलाई गुणस्तरीय जनमैत्री बनाइनेछ र जनप्रतिनिधि तथा कर्मचारीहरूको क्षमता विकासको लागि उचित तालिम प्रदान गरिनेछ।

१०३. आगामी आर्थिक वर्ष बाट दरबन्दी भित्रका कर्मचारीहरूलाई वर्षमा अधिकतम १० दिनको पर्यटन काज प्रदान गर्ने नीति अङ्गीकार गरिने छ। १० दिन बराबरको पर्यटन काज बापतको दैनिक भत्ता रकम तथा सो बापत आउँदा जादांको समयमा लाग्ने आतेजाते खर्चको भुक्तानी नेपाल सरकारको भ्रमण खर्च नियमावली अनुसार बहन गरिने छ। एकै पटक कार्यालयको सेवा प्रवाहमा समस्या आउने गरी सबै कर्मचारी पर्यटन काजमा जाने गरी भ्रमण स्वीकृत गरिने छैन।

१०४. कार्यालयमा कार्यरत कर्मचारीहरूमा दिर्घ रोग लागी उपचार गर्नु पर्ने अवस्था भएमा तथा उपचार खर्च धैरै लाग्ने अवस्था भएमा कार्यालयबाट पचास हजार सम्म बार्षिक साहायता कार्यविधि तयार गरी प्रदान गरिने छ।

१०५. गाउँपालिकाबाट प्रवाह हुने सेवालाई परिणाम मुखी तुल्याउन,कर्मचारीको सेवा प्रवाह प्रती मनोबल तथा उत्प्रेरणालाई उच्च राख्न एवं गाउँपालिका कार्यालयमा कार्यरत कर्मचारीहरूको

उजय चन्द यादव
अध्यक्ष

सामाजिक सुरक्षामा टेवा पुगोस् भनी चालु आर्थिक वर्षको पौष महिना बाट सुरु गरिएको थप प्रोत्साहन रकम प्रदान गर्ने कार्यलाई आगामी आर्थिक वर्षमा पनी निरन्तरता प्रदान गरिने छ।

**सभाका सदस्यज्यूहरु**

१०६. सेवा प्रवाहलाई व्यवस्थित बनाउन वडा कार्यालय नभएका स्थानमा वडा कार्यालय भवन निर्माण र **गाउँपालिकाको प्रशासकीय भवन निर्माण** कार्यलाई तीव्रता दिइनेछ।

१०७. नगर विकास कोष नगरपालिकामा मात्र कार्यक्षेत्र रहेकोमा सङ्घीय सरकारको निर्णय अनुसार गाउँपालिकामा समेत विस्तार गर्ने नीति अनुरूप सङ्घीय सरकारको समन्वयमा नगर विकास कोष सँग अनुदान रकम माग गरी योजना आयोजना सञ्चालनमा जोड दिइने छ।

१०८. प्रतापपुर गा.पा. भित्र कार्यक्रम सञ्चालन गर्ने गैर सरकारी संस्थाहरूले गाउँ सभा हुनु पुर्व आफ्नो बजेट तथा कार्यक्रम गाउँभामा पेस गर्नु पर्ने र कार्यक्रम सञ्चालन गर्नु पूर्व यस गाउँपालिकाको अनिवार्य सहमति लिनुपर्ने व्यवस्थालाई कडाइका साथ लागु गर्ने नीति लिइनेछ।कुनै पनि गैर सरकारी संस्था वा सरकारी कुनै कार्यक्रम मार्फत कुनै व्यक्ति वा संस्थाले कुनै पनि कार्यक्रम गर्न वा वितरण गर्न गाउँपालिकाको समन्वय विना पूर्ण रूपमा रोक लगाइनेछ।

१०९. सार्वजनिक परीक्षण, सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ जस्ता क्रियाकलापहरूको माध्यमबाट पारदर्शिता अभिवृद्धि गर्दै **सुशासित गाउँपालिका निर्माण गरिने छ।**

११०. जिन्सी तथा खरिद प्रक्रियालाई विद्युतीय प्रणाली (PAMS) मार्फत एक द्वार प्रणालीलाई कडाइका साथ लागु गर्ने र लेखा प्रणाली क्रमशः विद्युतीय भुक्तानीमा जोड दिई विद्युतीय लेखा स्रेस्ताको विकास गरिने छ | आन्तरिक नियन्त्रण प्रणाली तथा बेरुजु फछर्योट कार्य योजना २०८०।८१ लागु गर्ने तथा सो मुताबिक कार्य सम्पादन गरी शून्य बेरुजु युक्त गाउँपालिका निर्माण गरिने छ।

१११. गाउँपालिकामा कार्यरत सम्पूर्ण कर्मचारीहरूका लागि उचित पारिश्रमिक तोक्ने र स्थायी कर्मचारीहरूको लागि **कर्मचारी कल्याण कोष सञ्चालन कार्यविधि** र अस्थायी करार शिक्षक तथा कर्मचारीहरूका लागि **सम्पूर्ण अन्य करार कर्मचारी कल्याण कोष** स्थापना गरी कार्यविधि समेत बनाई कार्यान्वयनमा ल्याइने छ|

**कानुन र न्याय**

११२. असहाय र अन्यायमा परेकाहरूलाई निःशुल्क कानुनी परामर्श दिने र न्याय दिलाउन सहयोग गरिनेछ। घरदैलोमै न्याय भन्ने मान्यतालाई अङ्गीकार गरी न्यायिक समितिलाई थप सशक्त र व्यवस्थित बनाइनेछ।गाउँपालिकामा कानुनी सल्लाहकार व्यवस्था गरिनेछ गाउँपालिकालाई आवश्यक पर्ने कानुन, नीति नियम, कार्यविधि निर्माण गर्दिँदै लगिनेछ।न्यायिक समितिको कार्य प्रक्रियालाई सरलिकृत तुल्याई छिटो छरितो न्यायिक निरूपणलाई प्रोत्सहन गरिने छ।

**योजना छनौट तथा कार्यान्वयन**

११३. योजना छनोट प्रक्रियालाई बटम अप एप्रोच (Bottom up Approach) नीति अपनाइनेछ। गाउँपालिकामा सञ्चालन हुने योजनाहरु समयमै सम्पन्न गर्न, गुणस्तरमा वृद्धि गर्न योजना तथा कार्यक्रम कार्यान्वयन समय तालिकामा निर्माण गरी सो अनुसार कार्यान्वयन गरिनेछ र उत्कृष्ट कार्य सम्पन्न गर्ने उपभोक्ता समितिलाई सम्मान गरिनेछ।

११४.    खोला र नदी सरसफाई गरि सो बाट निकालिएको माटोलाई गाउँपालिकाको योजनाहरुमा प्रयोग गरिनेछ र वडा तथा गाउँपालिकाका भौतिक पुर्वाधार तर्फका योजनाहरु टेन्डर प्रक्रियाबाट कार्यान्वयन गर्न जोड दिइनेछ ।

**सुरक्षा व्यवस्थापन**

११५. सूरक्षा निकायसंगको समन्वय र सहकार्यमा **"सुरक्षित प्रतापपुर"** कार्यक्रम अगाडि बढाइनेछासामान्य सुरक्षा व्यवस्थापन कार्यकालागि नगर प्रहरीलाई परिचालित गरिनेछालागुपदार्थ, धुम्रपान, मद्यपान र मनोद्धिपक पदार्थ सेवनलाई निरुत्साहित गर्न आवश्यक कार्य अघि बढाइनेछ

**अन्तरपालिका, राष्ट्रिय र अन्तराष्ट्रिय सहयोग, सहकार्य, समन्वय र सम्बन्ध विस्तार**

११६. गाउँपालिकाको समग्र विकासलाई केन्द्रमा राखी अन्तरपालिका, राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा पालिकाहरुसंग भगीनी सम्बन्ध र सरकारी, गैरसरकारी संघ संस्था बीच संस्थागत सम्बन्ध विस्तार गरिनेछ । अन्तरपालिका, राष्ट्रिय र अन्तर्राष्ट्रिय सरकारी, गैरसरकारी संघ संस्थाको सहयोग लिने दिने र संस्थागत सम्बन्ध विस्तार गरी आर्थिक तथा प्राविधिक सहयोग लिई सम्बन्ध विस्तार गर्ने नीति लिईनेछ र संस्थागत संयन्त्र र कार्यालय समेत स्थापना गरिनेछ ।

**११७. "शिक्षा, स्वास्थ्य, कृषि सहितको समग्र विकास, अब रच्नेछ प्रतापपुरले नयाँ इतिहास"** भन्ने सोचका साथ गाउँपालिकाको पर्यटन, शिक्षा, खेलकुद, स्वास्थ्य, संस्कृति, कृषि, विपद व्यवस्थापन, फोहोरमैला व्यवस्थापन, एकिकृत कानून निर्माण, प्राविधिक जनशक्ति, दमकल, विकास उपकरण, निर्माण उपकरण तथा एकीकृत विकासमा अन्तरपालिकाहरु बीच समन्वय र सहकार्य गरिनेछ र संस्थागत रूपमा प्राविधिक तथा सांस्कृतिक सहयोग आदान प्रदान गरिनेछ ।

उमेश चन्द्र यादव
अध्यक्ष

## ११८. प्रमुख कार्यहरु

गाउँपालिकाको मुख्य मुख्य काम, कर्तव्य र अधिकार देहायबमोजिम रहेका छन् ।

१) गाउँ परिषदको निर्णय र निर्देशनहरु कार्यान्वयन गर्नु, गराउनुको अतिरिक्त गाउँपालिकाले गाउँपालिका क्षेत्रमा अनिवार्य रुपमा गर्नुपर्ने काम र कर्तव्य देहायबमोजिम हुनेछ ।

**क) अर्थ सम्बन्धी**

१) गाउँपालिकाको वार्षिक बजेट, योजना र कार्यक्रमहरु तयार गरि नगर परिषदमा पेस गर्ने ।

२) आय र व्ययको लेखा र तत्सम्बन्धी अन्य कागजातहरु अद्यावधिक रुपमा राख्ने ।

३) स्वीकृत बजेटको परिधिभित्र रहि नगरपालिकाको निर्णय कार्यान्वयन गर्न रकम खर्च गर्ने ।।

४) गाउँ परिषद्ले स्वीकृत गरेको कर, दस्तुर, शुल्क आदि उठाउने ।

**ख) भौतिक विकास सम्बन्धी**

१) गाउँपालिका क्षेत्रको भू-उपयोग नक्सा बनाई औद्योगिक आवसीय कृषि मनोरञ्जन स्थल आदि क्षेत्र तोक्ने र कार्यान्वयन गर्ने गराउने ।

२) गाउँपालिका क्षेत्रमा आवास योजना बनाई कार्यान्वयन गर्ने गराउने ।

३) गाउँपालिका क्षेत्रमा खानेपानी र ढल निकाससम्बन्धी योजना कार्यान्वयन गर्ने तथा त्यसको सञ्चालन र मर्मत सम्भार गर्ने गराउने ।

४) गाउँपालिका क्षेत्रभित्रका विभिन्न ठाउँहरुमा हरियो क्षेत्र, उद्यान र मनोरञ्जन स्थलहरुको विकास गर्ने, गराउने ।

५) गाउँपालिका क्षेत्रका विभिन्न ठाउँहरुमा सार्वजनिक शौचालयको व्यवस्था गर्ने, गराउने ।

६) गाउँपालिका क्षेत्रमा निर्माण गरिने घर, भवन आदिको नक्सा पास गर्ने, गराउने ।

७) सामुदायिक भवन तथा विश्राम गृह बनाउने ।

**ग) जलस्रोत, वातावरण र सरसफाईसम्बन्धी**

१) गाउँपालिका क्षेत्रमा रहेका खोलानाला, कुवा, इनार, पोखरी, तलाउ र ढुङ्गेधारा आदिको संरक्षण गरि सदुपयोग गर्ने, गराउने ।

२) गाउँपालिका क्षेत्रमा सिंचाई योजना लागु गर्नुपर्ने भएमा त्यसको योजना बनाई कार्यान्वयन गर्ने, गराउने ।

३) गाउँपालिका क्षेत्रमा सम्भावित नदी, कटान बाढी तथ भू-क्षय आदिको नियन्त्रण र रोकथाम गर्ने गराउने

४) गाउँपालिका क्षेत्रमा हुने जल, वायु तथा ध्वनी प्रदुषण नियन्त्रण गरि बातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने, गराउने ।

५) गाउँपालिका क्षेत्रभित्रका वन, बनस्पति तथा अन्य प्राकृतिक सम्पदाको संरक्षण गर्ने, गराउने ।

६) गाउँपालिका क्षेत्रमा सरसफाईको कार्यक्रम सञ्चालन गर्ने गराउने ।

७) फोहोर मैला सङ्कलन,ढुवानी तथा तह लगाउने सम्बन्धी कामको सञ्चालन र व्यवस्थापन गर्ने, गराउने

८) गाउँपालिका क्षेत्रभित्र विद्युत उत्पादन तथा वितरण गर्ने, गराउने ।

**घ) शिक्षा तथा खेलकुद विकाससम्बन्धी**

१) आफ्नो स्रोतबाट गाउँपालिका क्षेत्रमा पूर्व-प्राथमिक विद्यालयहरु स्थापना, सञ्चालन र व्यवस्थापन गर्ने तथा स्थापना गर्न अनुमति दिने ।

२) गाउँपालिका क्षेत्रभित्र सञ्चालन भएका विद्यालयहरुको सञ्चालन र व्यवस्थापनमा सहयोग पुर्‍याउने र त्यस्ता विद्यालयहरुको स्थापना र खारेजीको सिफारिस गर्ने ।

३) गाउँपालिका क्षेत्रभित्र मातृभाषमा प्राथमिक तहको शिक्षा उपलब्ध गराउन सहयोग गर्ने ।

४) आर्थिक दृष्टिले अत्यन्त पिछडिएका उत्पीडित जनजातिहरुका छात्र-छात्राहरुलाई छात्रवृत्ति दिने व्यवस्था मिलाउने ।

५) गाउँपालिका स्तरीय प्रौढ शिक्षा तथा अनौपचारिक शिक्ष सम्बन्धी कार्यक्रम तयार गरि कार्यान्वयन गर्ने, गराउने ।

६) गाउँपालिका स्तरीय पुस्तकालय तथा वाचनालयको स्थापना, स ञ्चालन तथा व्यवस्थापन गर्ने, गराउने ।

७) खेलकुद विकास कार्यक्रमहरु बनाई कार्यान्वयन गर्ने, गराउने ।

८) गाउँपालिका स्तरीय खेलकुद विकास समिति गठन गरि खेलकुदको विकास गर्ने, गराउने ।

**ङ) संस्कृति सम्बन्धी**

१) गाउँपालिका क्षेत्रभित्रका संस्कृतिक तथा धार्मिक महत्वका स्थानहरुको लगत तयार गरि तिनीहरुको मर्मत सम्भार गरि संरक्षण र सम्वर्द्धन गर्ने, गराउने ।

२) गाउँपालिका क्षेत्रभित्रका पुरातात्विक वस्तु, भाष, धर्म, कला र संस्कृतिको संरक्षण, सम्वर्द्धन एवम् प्रायोग गर्ने, गराउने

**च) निर्माण तथा यातायत सम्बन्धी**

१) गाउँपालिका क्षेत्रभित्र नेपाल सरकारको जिम्मामा रहेको सडक बाहेक आवश्यक पर्ने कच्ची, पक्की सडक, पुल कलभर्टहरुको योजना बनाई निर्माण तथा मर्मत सम्भार गर्ने, गराउने ।

२) गाउँपालिका क्षेत्रभित्र बसपार्क, रिक्सा, टाँगा र ट्रक आदिको पार्किङ्ग व्यवस्था गर्ने, गराउने ।

३) गाउँपालिको यातायात आवश्यकतालाई विचार गरि ठेला, रिक्सा टाँगा आदिको अधिकतमहद् तोक्ने र तिनीहरुलाई दर्ता गरि नम्बर दिने ।

**छ) स्वास्थ्य सेवा सम्बन्धी**

१) गाउँपालकिा स्तरीय अस्पताल, अयुर्वेदिक औषधालय र स्वास्थ्य केन्द्रहरुको सञ्चालन र व्यवस्थापन गर्ने, गराउने ।

२) गाउँपालिका क्षेत्रभित्र स्वास्थ्य चौकि तथा उप- स्वास्थ्य चौकिहरु खोल्ने, सञ्चालन र व्यवस्थापन गर्ने, गराउने ।

३) परिवार नियोजन, मातृशिशु कल्याण, विस्तारित खोप, पोषण, जनसङ्ख्या शिक्षा र जनस्वास्थ्य सम्बन्धी कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयन गर्ने, गराउने ।

४) महामारी तथा सङ्क्रात्मक रोगको रोकथामको व्यवस्था गर्ने, गराउने ।

५) गाउँपालिका क्षेत्रमा जनस्वास्थ्यको लागि हानिकारक चीजवस्तुको सार्वजनिक प्रयोगमा रो लगाउने वा हटाउने

६) जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने किसिमका उपभोग्य वस्तुको बेचविखन र उवभोगमा रोक लगाउने ।

**ज) समाज कल्याण सम्बन्धी**

१) बेवारिस मृतक व्यक्तिको दाह संस्कारको व्यवस्था गर्ने, टुहुरा, असहाय तथा अनाथहरुको लागि अनाथलयको व्यवस्था गर्ने, गराउने ।

२) महिला तथा बालबालिकाको हित र कल्याण सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने तथा अनैतिक पेसा व्यापार नियन्त्रण सम्बन्धी कार्य गर्ने गराउने ।

**झ) उद्योग तथा पर्यटन सम्बन्धी**

१) गाउँपालिका क्षेत्रमा घरेलु, साना तथा मझौला उद्योगको प्रवद्धनमा उत्प्रेरकको काम गर्नेए, गराउने ।

२) गाउँपालिका क्षेत्रभित्रको प्राकृतिक, साइस्कृतिक तथा पर्यटकीय सम्पदाको संरक्षण, सम्वर्द्धन, विस्तार र सदुपयोग गर्ने, गराउने ।

**ञ) विविध**

उमेश चन्द्र यादव
अध्यक्ष

१) गाउँपालिका क्षेत्रको सडकको दायाँ बायाँ र अन्य आवश्यक ठाउँमा वृक्षरोपण गर्ने ।
२) कान्जी हाउस, पशुवधशाला राख्ने स्थानको निर्धारण र व्यवस्थापन गर्ने ।
३) गाउँपालिका क्षेत्रको ऐलानी तथा सरकारी पर्ति जग्गाहरुको संरक्षण गर्ने ।
४) मसान घाटको निर्धारण र व्यवस्थापन गर्ने ।
५) व्यापार तथा वाणिज्यको विकासको लागि काम गर्नेए ।
६) गाउँपालिकाको विनियम तर्जुमा गरि नगर परिषद्मा पेस गर्ने ।
७) दैवीप्रकोप नियन्त्रण गर्ने सम्वन्धमा आवश्यक काम गर्ने ।
८) गाउँपालिका क्षेत्रभित्रको जनसङ्ख्या तथा घर जग्गाको लगत राख्ने ।
९) प्रचलित कानुन बमोजिम जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटक दर्ता गर्ने ।
१०)गाउँपालिका क्षेत्रभित्रका असहाय, अनाथ र अपाङ्ग वालबालिकहरुको लगत राख्ने र तिनीहरुलाई उपयुक्त ठाउँमा राख्ने व्यवस्था गर्ने ।
११) बहुला तथा छाडा कुकुर मारी सार्जजनिक हितको सुरक्षा गर्ने र मरेका पशुपङ्क्षी गाड्ने ठाउँ तोक्ने।
१२) खतरा उत्पन्न गर्ने रुख काट्न लगाउँने, घर पर्खाल आदि भत्काउन लगाउँने ।
१३) गाउँपालिका क्षेत्रको घरको ब्लक नम्बर अद्यावधिक राख्ने ।
१४) पशु बधशालाको प्रबन्ध गर्ने ।
१५) छाडा पशु पक्राउ गरि लिलाम गर्ने ।
१६) गल्ली तथा सडकमा वत्तीको व्यवस्था गर्ने ।
१७) गाउँपालिका क्षेत्रमा सिनेमा हल खोल्न स्वीकृति दिने ।
१८) हाट, वजार मेला आदिको प्रवन्ध गर्ने, गराउने ।
१९) वारुण यन्त्रको सञ्चालन र व्यवस्थापन गर्ने, गराउने ।
२०) कुनै विशिष्ट व्यक्तिको नगरको सम्मानर्थ विशिष्ट व्यक्तिको रुपमा सम्मान प्रदान गर्ने ।
२१) गाउँपालिका क्षेत्रको विकास सम्वन्धी अन्य कामहरु गर्नेए, गराउने ।
२२) सहकारिताको विकासको लागि सहयोग पुर्‍याउने ।
२३) सचिवको कार्यको मूल्याङ्कन गरि सिफारिस सहित अख्तियारवाल समक्ष पठाउने ।
२४) गाउँपालिकालाई आय-आर्जन हुने सहकारी, औद्योगिक तथा व्यवसायिक कार्यक्रम निजी क्षेत्रको समेत लगानीमा सञ्चालन गर्न प्रोत्साहित गर्ने, गराउने ।
२५) सहकारितामा आधारित विविध कार्यक्रमहरु तर्जुमा गरि सञ्चालन गर्ने, गराउने ।
२६) प्रचलित कानुन वमोजिम तोकिएका अन्य कामहरु गर्ने ।

**११९. स्थानिय सरकार सञ्चालन ऐन, २०७४को परिच्छेद ३ दफा ११ मा उल्लेख भए अनुसार गाउँपालिकाको काम, कर्तव्य र अधिकार देहायबमोजिम रहेका छन् ।**

(१) गाउँपालिकाको एकल अधिकार संविधानको अनुसूचि-८ मा उल्लेख भए बमोजिम हुनेछ ।

**क. नगर प्रहरी**

(१) नगर प्रहरीको गठन, सञ्चालन, व्यवस्थापन, नियमन तथा नगर प्रहरी सम्वन्धी नीति, कानून र मापदण्डको निर्माण तथा कार्यान्वयन,

(२) देहायका कार्यमा सहयोग पुर्याउनको लागि नगर प्रहरीको परिचालन गर्न सक्ने :-

(क) गाउँपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन,
(ख) गाउँपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण,
(ग) स्थानियस्तरमा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यवस्थापन,
(घ) स्थानिय बजार तथा पार्किङ्ग स्थलको रेखदेख र व्यवस्थापन,

(ड) सरसफाई सम्बन्धी [illegible] को कार्यान्वयन,
(च) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन,
(छ) सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण रसुरक्षा,
(ज) विपद् व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनर्स्थापना,
(झ) अनधिकृत विज्ञापन तथा होडिङ्ग बोर्ड नियन्त्रण,
(ञ) छाडा पशु चौपायाको नियन्त्रण,
(ट) अनधिकृत निर्माण तथा सार्वजनिक सम्पति अतिक्रमण रोकथाम तथा नियन्त्रण,
(ठ) कार्यापालिकाले तोकेको अन्य कार्य ।

**ख. सहकारी संस्था**

(१) सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानून, मापदण्डको निर्माण, कार्यान्वयन र नियमन,
(२) सम्बन्धित गाउँपालिकाको भौगोलिक क्षेत्रभित्र सञ्चालन हुने सहकारी संस्थाको दर्ता, अनुमति, खारेजी र विघटन,
(३) सहकारी वचत तथा ऋण परिचालन सम्बन्धी स्थानीय मापदण्ड निर्धारण र नियमन,
(४) सहकारी सम्बन्धी राष्ट्रिय, केन्द्रीय, विषयगत, प्रादेशिक र स्थानीय सङ्घ संस्थासँग समन्वय र सहकार्य,
(५) सहकारी सम्बन्धी स्थानीय तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान,
(६) स्थानीय सहकारी संस्थाको क्षमता अविवृद्धि,
(७) स्थानीय सहकारी क्षेत्रको प्रवर्द्धन, परिचालन र बिकास।

**ग. एफ. एम. सञ्चालन**

(१) एक सय वाटसम्मको एफ. एम. रेडियो सञ्चालन अनुमति, नवीकरण, नियमन र खारेजी,
(२) प्रदेश कानूनको अधीनमा रही एफ. एम. सञ्चालन सम्बन्धी अन्य कार्य ।

**घ. स्थानीय कर, सेवा शुल्क तथा दस्तुर**

(१) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही सम्पत्ति कर, घर बहान कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर( मालपोत), मनोरञ्जन कर सम्बनधी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,
(२)स्थानीय पूवाधार तथा सेवाको शुल्क निर्धारण, सङ्कलन र व्यवस्थापन,
(३) ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बन्जी जम्प, जिपफ्लायर, रयाफ्टिङ्ग, मोटरबोट, केवुलकार सेवा लगायत अन्य जल तथा स्थल क्षेत्रमा सञ्चालन हुने नवीन पर्यटकीय सेवा तथा साहसिक खेलको शुल्क,
(४) जडीवुटी, कवाडी र जीवजन्तु कर निर्धारण तथा सङ्कलन,
(५) स्थानिय राजस्वको आधार विस्तार तथा प्रवर्द्धन,
(६) ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एव खनीजन्य वस्तुको बिक्री तथा निकासी शुल्क दस्तुर सङ्कलन,
(७) सिफारिस, दर्ता, अनुमति, नवीकरण आदिको शुल्क, दस्तुर निर्धारण र सङ्कलन,
(८) स्थानीय राजस्व प्रवर्द्धनका लागि प्रोत्साहन,
(९) राजस्व सूचना तथा तथ्याङ्कको आदान प्रदान,
(१०) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीय तहमा राजस्व चुहावट नियन्त्रण सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,

उमेश चन्द यादव
अध्यक्ष

(११) स्थानीय पूर्वाधार सेवा र उपयोगमा सेवा शुल्क दस्तुर सम्बन्धी नीति, कुनून, मापदण्ड र नियमन,

(१२) कर तथा सेवा शुल्क सम्बन्धी अन्य कार्य ।

**ङ. स्थानिय सेवाको व्यवस्थापन**

(१) स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, सेवा शर्त, योजना, कार्यान्वयन र नियमन,

(२) संविधानको धारा ३०२ को उपधारा (२) बमोजिम समायोजन भएका कर्मचारीको व्यवस्थापन, उपयोग र समन्वय,

(३) सङ्गठन विकास, जनशक्ति व्यवस्थापन र वृति विकास,

(४) स्थानीय कानून बमोजिम सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी सङ्गठन संरचना तथा दरबन्दी निर्धारण,

(५) स्थानीय सेवाको व्यवस्थापन सुचना संचार तथा सञ्चार प्रविधिको उपयोग,प्रवर्द्धन र नियमन,

(६) जनशक्ति व्यवस्थापन तथा वृति विकास,

(७) स्थानीय सेवाको व्यास्थापन सम्बन्धी अन्य कार्य ।

**च. स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन**

(१) स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन,मापदण्ड,योजना, कार्यन्वयन र नियमन,

(२) आधारभूत तथ्याङ्क सङ्कलन र व्यवस्थापन,

(३) जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाईसराइ दर्ता र पारिवारिक लगतको अभिलेख तथा पञ्जीकरण व्यवस्थापन,

(४) सूचना तथा सञ्चार, प्रविधियुक्त आधारभूत तथ्याङ्कको सङ्कलन र व्यवस्थापन,

(५) स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन सम्बन्धी अन्य कार्य ।

**छ. स्थानीय विकास आयोजना तथा परियोजना**

(१) विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा, कार्यन्वयन, अनुगमन, मूल्याङ्कन र नियगमन,

(२) आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय, प्रविधि र पूर्वाधारजन्य विकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरुको तर्जुमा,कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन,

(३) आयोजनाको अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कन,

(४) सम्भाव्य प्राकृतिक श्रोत तथा साधनको पहिचान तथा अभिलेख व्यवस्थापन,

(५) सङ्घीय तथा प्रदेश कानूनको अधिनमा रही शहरी विकास, बस्ती र भवन सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन,

(६) राष्ट्रिय भवन संहिता तथा मापदन्ड बमोजिम भवन निर्माण अनुमति, अनुगमन र नियमन,

(७) सरकारी भवन, विद्यालय, सामुदायिक भवन, सभागृह र अन्य सार्वजनिक भवन तथा संरचनाको निर्माण र मर्मत सम्भार तथा सञ्चालन र व्यवस्थापन,

(८) सङ्घीय र प्रदेशस्तरीय आयोजना तथा परियोजनाको कार्यन्वयनमा समन्वय, सहजीकरण र सहयोग,

(९) सुरक्षित वस्ती विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन,मूल्याङ्कन,

(१०) सार्वजनिक निर्माण कार्यको लागि प्रचलित कानुन बमोजिम घ वर्गको इजाजतपत्रको जारी, नवीकरण तथाखारेजी,

(११) पर्यटन क्षेत्रको विकास, [illegible] प्रवर्द्धन सम्बन्धी आयोजनाहरुको पहिचान, कार्यान्वयन, व्यवस्थापन, अनुगमन तथा नियमन,

(१२) नवीन पर्यटकीय सेवा तथा कार्यहरु सम्बन्धी आयोजनाहरुको पचिान, कार्यन्वयन, व्यवस्थापन, अनुगमन तथा नियमन,

(१३) विकास आयोजना तथा परियोजना परियोजना सम्वन्धी अन्य कार्य ।

**ज. आधारभूत र माध्यमिक शिक्षा**

(१) प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारीक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाई, सामुदायिक सिकाई र विशेष शिक्षा सम्बन्धी नीति, कानुन ,मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगम, मूल्याङ्कन र नियमन,

(२) सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन,

(३) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन,

(४) मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन,

(५) गाभिएका वा वन्द गरिएका विद्यालयहरुको सम्पत्ति व्यवस्थापन ।

(६) गाँउ शिक्षा समिति गठन तथा व्यवस्थापन,

(७) विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,

(८) विद्यालयको नामाकरण,

(९) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन,

(१०) विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्सामग्रीहरुको वितरण,

(११) सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरवन्दी मिलान,

(१२) विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,

(१३) सामुदायीक ।क्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,

(१४) आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,

(१५) तहको तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,

(१५) विद्यार्थी सिकाई उपलब्धीको परीक्षण र व्यवस्थापन,

(१६) निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,

(१७) ट्युसन, कोचिङ्ग जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन,

(१८) स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप र प्रविध्रिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण,

(१९) स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,

(२०) माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको सम्न्वय र नियमन,

(२१) सामुदायीक विद्यालयलाई दिने अनुदान तेथा सोको बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन,

(२२) शिक्षण सिकाई, शिक्षकर कर्मचारीको तालिम तथा क्षमता विकास,

(२३) अतिरिक्त शक्षिक क्रियाकलापको सञ्चालन ।

**झ. आधारभूत स्वास्थ्य र सरसफाई**

(१) आधारभूत स्वास्थ्य र सरसफाई तथा पोषण सम्वन्धी नीति, कानु, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमन,

(२) आधारधभूत स्वास्थ्य, प्रजनन स्वास्थ्य र पोषण सेवाको सञ्चालन र प्रवर्द्धन,

(३) अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन,

उमेश चन्द्र यादव
अध्यक्ष

(४) स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन,
(५) स्वच्छ खानेपानी तथा खाद्य पदार्थको गुणस्तर र वायु तथा ध्वनिको प्रदूषण नियन्त्रणरनियमन,
(६)सरसफाई सचेतनाको अभिवृद्धि र स्वास्थ्यजन्य फोहोरमैलाको व्यवस्थापन,
(७) स्वास्थ्यजन्य फोहरमैला सङ्कलन, पुनः उपयोग, प्रशोधन, विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमन,
(८) रक्त सञ्चार सेवा तथा स्थानीय र शहरी स्वास्थ्य सेवा सञ्चालन,
(९) औषधि पसल सञ्चालन, अनुमति, अनुगमन र नियमन,
(१०) सरसफाई तथा स्वास्थ्य क्षेत्रबाट निष्कासित फोहोरमैला व्यवस्थापनमा निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय, सहकार्य र साझेदारी,
(११) परिवार नियोजन तथा मातृशिशु कल्याण सम्बन्धी सेवा सञ्चालन, अनुमति, अनुगमन तथा नियमन,
(१२) महिला तथा बालबालिकाको कुपोषण न्यूनीकरण, रोकथाम, नियन्त्रण र व्यवस्थापन ।

**ञ. स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविकविविधता**

(१) स्थानीय व्यापार, वस्तुको माग, आपूर्ति तथा अनुगमन, उपभोक्ता अधिकार तथा हित सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,
(२) बजार तथा हाट बजार व्यवस्थापन,
(३) स्थानीय वस्तुहरुको उत्पादन, आपुर्ति तथा निकासी प्रक्षेपण, मुल्य निर्धारण र अनुगमन,
(४) स्थानीय व्यापार र वाणिज्य सम्बन्धी पूर्वाधार निर्माण,
(५) स्थानीय वस्तु र सेवा व्यापार मूल्य तथा गुणस्तरको अनुगमन र नियमन,
(६) स्थानीयस्तरका व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरण, खारेजी, अनुगमन र नियमन,
(७) स्थानीय व्यापारको तथ्याङ्क प्रणाली र अध्ययन अनुसन्धान,
(८) निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य,
(९) स्थानीय व्यापार प्रवर्द्धन, सहजीकरण र नियमन,
(१०) स्थानीय बौद्धिक सम्पतिको संरक्षण, प्रवर्द्धन र अभिलेखाङ्कन,
(११) उपभोक्ता सचेतना अभिवृद्धि, लक्षित उपभोक्ताको लगत व्यवस्थापन र स्थानीय वस्तु तथा सेवाको गुणस्तर परीक्षण,
(१२) वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना तर्जुमा तथा त्यसको कार्यन्वयन, अनुगमन र नियमन,
(१३) स्थानीय स्तरमावातावरणीय जोखिम न्यूनीकरण,
(१४) स्थानीय स्तरमा जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने किसिमका उपभोग्य वस्तुको बेचबिखन र उपभोग तथा वातावरणीय ,प्रदूषण र हानिकारक पदार्थहरुको नियन्त्रण, अनुगमन तथा नियमन,
(१५) स्थानीय स्तरमा सरसफाई तथा फोहरमैला व्यवस्थापन,
(१६) स्थानीयस्तरमा न्यून कार्बनमूखी तथा वातावरणमैत्री विकास अवलम्बन,
(१७) स्थानीयस्तरमा न्यून कार्बनमूखी तथा वातावरणमैत्री विकास अवलम्बन,
(१८) स्थानीयस्तरमा हरीत क्षेत्रको संरक्षण र प्रवद्धन,
(१९) स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी अन्य कार्य ।

**ट. स्थानीय सडक, ग्रमीण सडक, कृषि सडक र सिंचाइ**

(१) स्थानीय, ग्रामीण तथा कृषि सडक र सिंचाइ सम्बन्धी नीति, कानुन, मापदण्ड तथा सो सम्बन्धी योजना योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन,

(२) स्थानीय, ग्रामीण तथा कृषि सडक, झोलुङ्गे पूल, पुलेसा, सिंचाइ र तटबन्धन सम्बन्धी गुरुयोजनाको तर्जुमा, कार्यन्वयन, मर्मत, सम्भार र नियमन,

(३) स्थानीयस्तरका सिंचाई प्रणलीको निर्माण, सञ्चालन, रेखदेख, मर्मत सम्भार, स्तरोन्नति अनुगमन र नियमन,

(४) यातायात सुरक्षाको व्यवस्थापन र नियमन,

(५) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक सम्बन्धी अन्य कार्य ।

## ठ. गाउसभा, मेलमिलाप र मध्यस्थताको व्यवस्था ।

(१) गाउँसभा  सभा सम्बन्धी नीति, कानुन र कार्यविधि,

(२) स्थानीयस्तरका विषय क्षेत्रगत तथा रणनीति, आवधिक तथा वार्षिक योजना, कार्यक्रम र बजेट स्वीकृति,

(३) सभाका समितिहरुको गठन र सञ्चालन,

(४) स्थानीय तहबीच साझा सरोकार तथा साझेदारीका विषयमा संयुक्त समिति गठन,

(५) कार्यपालिका तथा न्यायिक समितिबाट सभामा प्रस्तुत प्रतिवेदनमाथी छलफल तथा सो सम्बन्धमा आवश्यक निर्देशन,

(६) विकास योजना तथा कायक्रमको प्रभावकारी कार्यान्वयन तथा सुसासनको लागि कार्यपालिकालाई निर्देशन,

(७) गाउँपालीकालाई आर्थीक व्ययभार पर्ने विषयको नियमन,

(८) स्थानीय मेलमिलाप र मध्यस्थता

(९) गाउ सभा, नगर सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन सम्बन्धी अन्य कार्य ।

## ड) स्थानिय अभिलेख व्यवस्थापन

(१) स्थानीय अभिलेख व्यवस्थापन नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन, अनुगमनन र नियमन,

(२) जनसाङ्ख्यिक, प्राकृतिक, आर्थीक, सामाजीक, सांस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था,कुल ग्राहस्थ्य उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास तथा लैङ्गिक सशक्तीकरण सूचकाङ्क, राजश्व तथा आयव्य समेतको तथ्याङ्क सङ्कलन र  प्रशोधन गरी आयव्यय समेतको तथ्याङ्क सङ्कलन र प्रशोधन गरी नवीनतम प्रविधियुक्ति र राष्ट्रिय तथा स्थानीय सूचना प्रणलीमा आवद्धता र पाशर्व चित्र तथा श्रोत नक्साको अद्यावधिक अभिलेखन,

(३) सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा सञ्चालन,

(४) सार्वजनिक सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यवसायको विवरण सहितको अद्यावधिक अभिलेख,

(५) आफ्नो क्षेत्रभित्र सम्पन्न भएका तथा चालु योजनाको पववरण र त्यसको योजनाको सम्पत्तिको अद्यावधिक अभिलेखन,

(६) स्थानीय अभिलेख व्यवस्थापनमा नवीनतम सूचना प्रविधिको उपयोग,

(७) स्थानीय उभिलेख व्यवस्थापन सम्बन्धी अन्य कार्य ।

## ढ. जग्गा धनी दर्ता प्रमाणपुर्जा विवरण

(१) स्थानीय जग्गाको नाप नक्सा, कित्ताकाट, हालसाविक, रजिष्ट्रेशन नामसारी तथा दाखिल खारेज,

(२) जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण तथा लगत व्यवस्थापन,

(३) भूमिको वर्गीकरण अनुसारको लगत,

(४) सार्वजनिक प्रयोजनका लागि जग्गा प्राप्ति, मुआब्जा निर्धारण तथा वितरणमा समन्वय र सहजीकरण,

(५) नापी नक्सा तथा जग्गाको स्वामित्व निर्धारण कार्यमा समन्वय र सहजीकरण,

(६) पशुनश्ल सुधार पद्धतिको विकास र व्यवस्थापन,

(७) उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवर्द्धन, विकास तथा बजारीकरण,

(८) स्थानीय चरण तथा खर्क विकास र व्यवस्थापन,

(९) पशु आहारको गुणस्तर नियमन,

(१०) स्थानीयस्तरमा पशुपक्षी सुम्बन्धी तथ्याङ्कको व्यवस्थापन र सूचना प्रणाली,

(११) पशु बधशाला र शीत भण्डारणको व्यवस्थापन र नियमन,

(१२) पशुपक्षी सम्बन्धी सम्बन्धी बीमा र कर्जा सहजीकरण,

(१३) पशुपालन तथा पशु स्वास्थ्य सम्बन्धी अन्य कार्य ।

## त. जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन

(१) सङ्घ र प्रदेश कानूनको अधीनमा रही सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयन, सन्चालन, व्यवस्थापन,

(२) जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण,

(३) जेष्ठ नागरिक क्लब, दिवा सेवा केन्द्र, भेटघाट स्थल, आश्रय केन्द्रको सन्चालन तथा व्यवस्थापन,

(४) सङ्घ तथा प्रदेशसँगको समन्वयमा अपाङ्गता पुनर्स्थापना केन्द्र, ज्येष्ठ नागरिक केन्द्र तथा अशक्त स्याहार केन्द्रको सन्चालन र व्यवस्थापन,

(५) सडक बालबालिका, अनाथ, असहाय, अशक्त र मानसिक असन्तुलन भएका व्यक्तिहरुको पुनर्स्थापना केन्द्रको सन्चालन, व्यवस्थापन, अनुगमन र नियमन,

(६) जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन सम्बन्धी अन्य कार्य ।

## थ. बेरोजगारको तथ्याङ्क सङ्कलन

(१) रोजगार तथा बेरोजगार श्रमशक्तिको तथ्याङ्क सङ्कलन, प्रशोधन र सुचना प्रणलीको स्थापना,

(२) स्थानीयस्तरमा रहेका स्वदेशी तथा विदेशी श्रमिकको लगत सङ्कलन तथा सूचना व्यवसथापन,

(३) विभिन्न क्षेत्र तथा विषयका दक्ष जनशक्तिको तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन,

(४) सुरक्षित वैदेशिक रोजगारी र वैदेशिक रोजगारीमा रहेको श्रमशक्तिको सुचना तथा तथ्याङ्कको सङ्कलन तथा व्यवसथापन,

(५) रोजगार सूचना केन्द्रको व्यवसथापन तथा सन्चालन,

(६) वैदेशिक रोजगारमा जाने श्रमशक्तिको लागि वित्तीय साक्षरता र सीपमूलक तालिमको सन्चालन,

(७) वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरको सामाजिक पुनः एकीकरण,

(८) वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप र उद्यमशीलताको उपयोग,

(९) वेरोजगारको तथ्याङ्क सङ्कलन सम्बन्धी अन्य कार्य ।

## द. कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण

(१) कृषि प्रसार सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,

(२) कृषि प्रसार तथा जनशक्तिको प्रक्षेपण, व्यवस्थापन र परिचालन,

(३) कृषकहरको षमता अधिवृद्धि, प्राविधिक सेवा, टेवा, सीप विकास र सशक्तीकरण,

(४) कृषि विउविजन, नश्ल, मलखाद र रसायन तथा औषधिहरुको आपूर्ति, उपयोग र नियमन,

(६) स्थानीयस्तरमा कृषि सम्वन्धी प्रविधिको संरक्षण र हस्तान्तरण,

(७) कृषि सम्वन्धी सूचनाको प्रचारप्रसार,

(८) स्थानीयस्तरका स्रोत केन्द्रहरको विकास र व्यवस्थापन,

(९) प्राङ्गारिक खेती तथा मलको प्रवर्द्धन र प्रचार प्रसार,

(१०) कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण सम्वन्धी अन्य कार्य ।

## ध. खानेपानी, साना जलविधुत आयोजना, वैकल्पिक उर्जा

(१) स्थानीय खानेपानी सम्वनधी नीति, कानून, मापदण्ड, योजना, कार्यान्यवन र नियमन,

(२) खानेपानी महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन,

(३) एक मेगावाट सममको नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन,

(४) स्थानयि तहमा वैकल्पिक ऊर्जा सम्वनधी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, नियमन,

(५) स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, सञ्चालन, अनुगमन र नियमन,

(६) स्थानयि तहमा वैकल्पिक ऊर्जा र प्रवर्द्धन,

(७) खानेपानी, साना जलविधुत आयोजना तथा वैकल्पिक उर्जा सम्वन्धी अन्य कार्य ।

## न. विपद् व्यवस्थापन

(१) विपद् व्यवस्थापन सम्वन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजनाको कार्यान्वयन, अनुगमन र नियमन,

(२) स्थानीयस्तरमा विपद पुर्व तयारी तथा प्रतिकार्य योजना, पूर्व सूचना प्रणली, खोज तथा द्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वय,

(३) स्थानीय तटबन्ध, नदी र पहिरोको नियन्त्रण तथा नदीको व्यवस्थापन र नियमन,

(४) विपद् जोखिम क्षेत्रको नक्साङ्कन तथा वस्तीहरुको पहिचान र स्थानान्तरण,

(५) विपद् व्यबस्थापनमा सङ्घ, प्रदेश र स्थानीय समुदाय, सङ्घ संस्था निजी क्षेत्रसँग सहगोग, समन्वय र सहकार्य,

(६) विपद् व्यवसथापन कोषको स्थापना तथा सञ्चालन र स्रोत साधनको परिचालन,

(७) विपद् जोखिम न्यूनकिरण सम्वनधी स्थानीयस्तरका आयोजनाको तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन,

(८) विपद पश्चात् स्थानीयस्तरको पुनर्स्थापना र पुनर्निमाण,

(९) स्थानीयस्तरको विपद् सम्वन्धी तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान,

(१०) स्थानीय आपतकालीन कार्य सञ्चालन प्रणाली,

(११) समुदायमा आधारति विपद् व्यवस्थापन सम्वन्धी कायक्रमको सञ्चालन,

उमेश यादव
अध्यक्ष

(१२) विपद् व्यवस्थापन सम्वनधी अन्य कार्य ।

**प. जलाधार, वनयजन्तु, खानी तथा खनीज पदार्थको संरक्षण**

(१)जलाधार, वन्यजन्तु, खानी तथा खनजि पदार्थको संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड तथा योजनाको कार्यान्वयन तथा नियमन,

(२) पानी मुहानको संरक्षण,

(३) सामुदायिक भू-संरक्षण र सो मा आधारीत आय आर्जन कार्यक्रम,

(४) भू-संरक्षण र जलाधार व्यवस्थापनजन्य सामुदायिक अनुकूलन,

(५) खानी तथा खनीज पदार्थ सम्बन्धी सूचना तथा तथयाङ्क संङ्कलन,

(६) खानी तथा खनीज पदार्थ सम्बन्धी सूचना तथा तथ्याङ्क सङ्कलन,

(७) ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा तथा स्लेट जस्ता खानीजन्य वस्तुको सर्वेक्षण, उत्खनन् तथा उपयोगको दर्ता, अनुमति, नवकिरण, खारेजी र व्यवस्थापन

(८) भौगर्भिक नक्सा प्रकाशन ।

**फ. भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास**

(१) भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्वन्धी स्थानीयस्तरको नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,

(२) पुरातत्व, प्राचीन स्मारक तथा संङ्ग्रहालयको संरक्षण, सम्भार, प्रवर्द्धन र विकास,

(३) परम्परागत जात्रा तथा पर्वको सञ्चालन र व्यवस्थापन,

(४) प्रचलित कानून विरुद्धका कुरीति तथा कुसंस्कार विरुद्ध सामाजिक परिचालन सम्बन्धी कार्य,

(५) भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्वन्धी अन्य कार्य ।

(३) नगरपालिकाले सङ्घ तथा प्रदेशसंगको सहकार्यमा प्रयोग गर्ने साझा अधिकार संविधानको अनुसूची-९ मा उल्लेख भए बमोजमि हुनेछ।

(४) देहायको विषयमा सङ्घ तथा प्रदेश कानूनको अधीनमा रही नगरपालिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

**क. खेलकुद र पत्रपत्रिका**

(१) स्थानीयस्तरका खेलकुदको संरचनाको पुर्वाधार निर्माण, सञ्चालन तथा विकास,

(२) स्थानीयस्तरका खेलकुद प्रशासन तथा सङ्घ संस्थाको नियमन र समन्वय,

(३) खेलकुदको विकास र प्रवर्द्धन,

(४) खेलकुद प्रतियोगिता आयोजना र सहभागिता,

(५) खेलकुद सम्बन्धी पूर्वाधारको विकास,

(६) स्थानीय तहका पत्रपत्रिकाको दर्ता, अधिलेख तथा नियमन ।

**ख. स्वास्थ्य**

(१) सङ्घीय तथा प्रदेशस्तरीय लक्ष्य र मापदण्ड बमोजिम स्थानीयस्तरको स्वास्थ्य सम्बनधी लक्ष्य र गुणस्तर निर्धारण,

(२) जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्थाहरुको क्लिनिक दर्ता, सञ्चालन अनुमति र नियमन,

(३) स्थानीयस्तरमा औषधिजन्य वनस्पति, जडीबुटी र अन्य औषधिजन्य वस्तुको उत्पादन, प्रशोधन र वितरण,

(४) स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्थापन,

(५) स्थानीयस्तरमा औषधि तथा अन्य मेडिकल उत्पादनहरुको न्यूनतम मूल्य निर्धारण र नियमन,

(६) स्थानीयस्तरमा औषधिको उचित प्रयोग र सूक्ष्मजीव निरोधक प्रतिरोध न्यूनीकरण,

(७) स्थानीयस्तरमा औषधि र स्वास्थ्य उपकरणको खरिद, भन्डारण र वितरण,

(८) स्थानीयस्तरमा स्वास्थ्य सुचना प्रणालीको व्यवस्थापन,

(९) स्थानीयस्तरमा जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स),

(१०) स्थानीयस्तरको प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक र स्वास्थ्य सेवाको सञ्चालन,

(११) स्वस्थ जीवनशैली, पोषण, पोषण, शारीरिक व्यायाम, योग अभ्यास, स्वास्थ्य वृत्तको पालना, पञ्चकर्मलगायतका जनस्वास्थ्यसेवाको प्रवर्द्धन,

(१२) जुनोटिक र कीटजन्य रोगको नियन्त्रण तथा व्यवस्थापन,

(१३) सुर्ती, मदिरा र लागू पदार्थजन्य वस्तुको प्रयोग नियन्त्रण तथा सचेतना अभिवृद्धि,

(१४) आयुर्वेदिक, युनानी, आनम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवाको व्यवस्थापन,

(१५) जनस्वास्थ्य, आपतकालीन स्वास्थ्य तथा महानमारीको नियन्त्रण योजना र कार्यान्वयन,

(१६)रोगको नियन्त्रण तथा रोकथाम,

(१७) आकस्मिक स्वास्थ्य सेवा प्रवाह तथा स्थानीय सेवाको व्यवस्थापन ।

**ग. विद्युत, खानेपानी तथा सिंचाइ जस्ता सेवाहरु**

(१) विद्युत वितरण प्रणली र सेवाको व्यवस्थापन,

(२) खानेपानी महसुल निर्धारण र खानेपानी सेवाको व्यवस्थापन,

(३) स्थानीय साना सतह तथा भूमिगत सिंचाइ प्रणलीको सञ्चालन तथा मर्मतसम्भार, सेवाशुल्क निर्धारण र सङ्कलन सम्वन्धीव्यवस्थापन ।

**घ. सेवा शुल्क, दस्तुर, दण्ड जरिबाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क**

(१) स्थानीय सेवा शुल्क, दस्तुर, दण्ड जरिबाना सम्बन्धी नीति, कानून, मापदण्ड योजना तर्जुमा, कार्यान्वयन र नियमन,

(२) प्राकृतिक स्रोत साधन र सेवा शुल्क, रोयल्टी सङ्कलन, समन्वय र नियमन,

(३) खनिज पदार्थको उत्खनन् र सो सम्बन्धी रोयल्टी सङ्कलन,

(४) सामुदायिक वनको सञ्चालन र व्यवस्थापनबाट प्राप्त रोयल्टी सङ्कलन,

(५) पानीघट्ट, कुलो, पैनी जस्ता सेवा सञ्चालनबाट प्राप्त रोयल्टी सङ्कलन ।

**ङ) वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता**

(१) वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यन्यवयन, अनुगमन र नियमन,

(२) स्थानीयस्तरमा सामुदायिक, ग्रामीण तथा शहरी, धार्मीक, कबुलियती र साझेदारी वनको संरक्षण, सम्बर्द्धन, उपयोग,अनुगमन र नियमन तथा वन उपभोक्ता समूहको व्यवस्थान,

(३) मध्यवर्ती क्षेत्रको सामुदायिक, धार्मिक र कबुलियती वनको व्यबस्थापन,

(४) स्थानीयस्तरमा नदी किनार, नदी उकास, नहर किनार तथा सडक किनारमा बृक्षारोपण व्यवस्थापन,

(५) स्थानीयस्तरमा नदीकिनार, नदी उकास, नहर किनार तथा सडक किनारमा बृक्षारोपण व्यवस्थापन,

(६) स्थानीयस्तरमा निजी वनको प्रवर्द्धन, अनुगमन र नियमन,

(७) स्थानीयस्तरमा जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी सर्वेक्षण, उत्पादन, सङ्कलन, प्रवर्द्धन, प्रशोधन र बजार व्यवस्थापन,

(८) वनबीउ बगैचा स्थापना, व्यवस्थापन र प्रवर्द्धन,

(९) नर्सरी स्थापना, बिरुवा उत्पादन, वितरण, रोपण र प्रवर्द्धन,

(१०) वन्यजन्तु र चराचुरुङ्गीको संरक्षण, व्यावसायिक पालन, उपयोग र अनुगमन,

(११) मानव ताथ वन्यजन्तु बचिको द्वन्दको व्यवस्थापन,

(१२) स्थानीय प्राणी उद्यान (चिडियाखाना) को स्थापना र संचालन,

(१३) स्थानीय वन्यजन्तु पर्यटन र आयआर्जन,

(१४) स्थानीयस्तरमा आखेटोपहारको व्यवस्थापन,

(१५) स्थानीयस्तरमा वन, वन्यजन्तु तथा चराचुरुङ्गीको अभिलेखाङ्कन र अध्ययन अनुसन्धान,

(१६) विश्वसम्पदा सूचीमा परेका स्मारक र पुरातात्विक महत्वका वन, सीमसार क्षेत्र, टटवर्ती क्षेत्रका जग्गा सम्वन्धी लगत,

(१७) मितहा प्रजातिको नियन्त्रण,

(१८) स्थानीय स्तरको जोखिम न्यूनीकरण,

(१९) जैविक विविधताको अभिलेखाङ्कन,

(२०) स्थानीय स्तरमा हरीयाली प्रवर्द्धन,

(२१) स्थानीय साना जल उपयोग सम्वन्धी क्षेत्रगत आयोजना तर्जुमा, कार्यान्वयन र अनुगमन,

(२२) रैथाने प्रजातिको संरक्षण र प्रवर्द्धन,

(२३) स्थानीयस्तरमा वातावरणीय जोखिम न्यूनीकरण,

(२४) स्थानीयस्तरमा प्रदुषण नियन्त्रण र हानिकारक पदार्थहरुको नियमन तथा वातावरणमैत्री विकास अवलम्वन,

(२५) स्थानीयस्तरमा न्युन कार्वनमुखी तथा वातावरणमैत्री विकास अवलम्वन,

(२६) स्थानीयस्तरमा वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन ।

**च. सामाजिक सुरक्षा र गरिबी निवारण**

(१) सामाजिक सुरक्षा र गरिबी निवारण सम्वन्धी स्थानीय नीति, कानुन, मापदण्ड , नियमन र अध्ययन अनुसन्धान,

(२) लक्षित समूह सम्वन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र व्यवस्थापन,

(३) सामाजिक सुरक्षको कार्यान्वयनको लागि सङ्घ, प्रदेश र स्थानीय सङ्घ संस्थासँग सम्पर्क, समन्वय र सहकार्य,

(४) सामाजिक सुरक्षा सम्वन्धी स्थानीय तथ्याङ्क र सुचना व्यवस्थापन,

(५) गरिब घरपरिवार पहिचान सम्वन्धी स्थानीय सर्वेक्षण, सुचना व्यवस्थापन र नियमन,

(६) स्थानीय सामाजिक सुरक्षा योजना र व्यवस्थापन ।

**छ. व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्याङ्क**

(१) व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाईसराइ, सम्वन्ध विच्छेद र धर्मपुत्र र धर्मपुत्री) को दर्ता,

(२) व्यक्तिगत घटनाको स्थानीय तथ्याङ्क सम्वन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

(३) व्यक्तितग घटनाको अभिलेख व्यवस्थापन र प्रतिवेदन ।

ज. स्थानीय स्तरमा पुरातत्व, प्राचीन स्मारक र संग्रालय संरक्षण, सम्वर्द्धन र पुनः निर्माण ।

**झ. सुकुम्वासी व्यवस्थापन**

(१) सुकुमवासीको पहिचान र अभिलेख व्यवस्थापन,

(२) सुकुम्वासी सम्वन्धी जीविकोपार्जन र वसोवास व्यवस्थापन

ञ. प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी

(१) प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टी सम्वनधी नीति, कानुन, मापदण्ड तथा नियमन

(२) स्थानिय सार्वजनिक यातायातको रुट निर्धारण, अनुमति, नवीकरण, खारजी, सेवाको गुणस्तर, भाडा दर निरर्धारण र नियमन,

(३) वातावरणमैत्री, जलवायु परिवर्तन अनुकुलन, बिपद् जोखिम संवेद्य, अपाङ्गता र लैङ्गिकमैत्री यातायात प्रणालीको स्थानीय तहमा प्रवद्धन ।

(४) माथी उल्लेख भएका अतिरिक्त गाउँपालिकाको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजमि हुनेछ

क. भूमि व्यवस्थापन

(१) संघिय तथा प्रदेश कानुनको अधीनमा रही स्थानीय स्तरको भू उपयोगिता नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन

(२) संघीय तथा प्रदेशको मापदण्डको अधीनमा रही व्यवस्थित बस्ती विकासका कार्यक्रमको तर्जमा र कार्यान्वयन, एकीकृत बस्ती विकासका लागि जग्गाको एकीकरण तथा जग्गा विकास र व्यवस्थापन

(३) स्थानीय स्तरमा अव्यवस्थित बसोवास व्यवस्थापन ।

ख. सञ्चार सेवा

(१) संघीय तथा प्रदेश कानुनको अधीनमा रही स्थानीय क्षेत्रभित्र इन्टरनेट सेवा, टेलिसेन्टर, केवुल तथा तारविहिन टेलिभिजन प्रसारणको अनुमति, नवीकरण र नियमन

(२) स्थानीय क्षेत्रमा सुचना प्रविधिको विकास र प्रवर्द्धन गर्ने ,

ग. यातायात सेवा

(१)स्थानीय बस, ट्रली बस, ट्रामा जस्ता मध्यम क्षमताको मास ट्रन्जिट प्रणालीको नीति, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन

(२) राष्ट्रिय रेल पूर्वाधारको उपयोग तथा नगर क्षेत्रभित्र शहरी रेल सेवाको सन्चालन, व्यवस्थापन, मर्मत सम्भार, समन्वय, साझेदारी र सहकार्य ।

६. सघ वा प्रदेशले संविधान तथा प्रचलित कानून बमोजिम आफ्नो अधिकार क्षेत्रभित्रको कुनै विषय गाउँपालिकालाई कानून बनाई निक्षेपण गरेका कार्यहरु ।

७. गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रकाकाम कर्तव्य र अधिकारको प्रयोग गर्दा आवश्यकता अनुसार कानून, नीति, योजना, मापदण्ड तथा कार्यविधि बनाई लागु गर्ने ।

८. प्रदेश सरकारको परामर्शमा नेपाल सरकारको पूर्व स्वीकृत लिई विदेशका कुनै स्थानीय सरकारसंग भगिनी सम्वन्ध कायम गर्ने ।

**१२०. गाउँपालिकाले उपदफा(१) बमोजिमका काम, कर्तव्यको अतिरिक्त गाउँपालिका क्षेत्रमा देहाय बमोजिमका ऐच्छिक कामहरु समेत गर्न सक्नेछ ।**

क) गाउँपालिका क्षेत्रभित्र स्तरयुक्त विद्यालय शिक्षा उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाउने

ख) गाउँपालिका क्षेत्रबाट निरक्षरता निर्मूल पार्न साक्षरता कार्यक्रमहरु सञ्चालन गर्ने ।

ग) गाउँपालिका क्षेत्रका बिभिन्न ठाउँहरुमा पुस्तकालय तथा वाचनालयहरु स्थापना गरि सञ्चालन गर्ने ।

घ) गाउँपालिका क्षेत्रभित्र अव्यवस्थित बसोवास नियन्त्रण गर्ने ।

ङ) निर्देशित जग्गा बिकास, भू-उपयोग जस्ता कार्यहरुको माध्यमबाट गाउँक्षेत्रको वनावट तथा विकासलाई व्यवस्थित तुल्याउने ।

च) वृद्ध तथा अनाथ आश्रमहरुको व्यवस्था गर्ने ।

छ) विद्युत आपूर्ति र सञ्चार सुविधाको व्यवस्था मिलाउने ।

ज) गाउँपालिकामा मनोरञ्जन स्थल, त्रिडास्थल, सङ्ग्रहालय चिडियाखाना, पार्क आदिको व्यवस्था मिलाउने ।

झ) बेरोजगारी कम गर्न बेरोगारहरुको तथ्याङ्क सङ्कलन गरि रोजगारमूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।

ञ) नदी प्रदुषण नियन्त्रण गर्न कार्यक्रमहरु सञ्चालन गर्ने ।

ट) गाउँपालिका क्षेत्रमा एम्बुलेन्स सेवा उपलब्ध गराउने ।

ठ) गाउँपालिका क्षेत्रमा सव वाहनको व्यवस्था मिलाउने ।

ड) दैवीप्रकोपबाट हुने धनजनको क्षती कम गर्न निरोधात्मक तथा उद्धारका कार्यहरु गर्ने ।

धन्यवाद

जय प्रतापपुर

अध्यक्ष

उमेश चन्द्र यादव

प्रतापपुर गाउँपालिका

उमेश चन्द्र यादव

अध्यक्ष